# आर्थिक सर्वेक्षण

## २०७८/७९

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, बिराटनगर, नेपाल

# प्राक्कथन

आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म प्रदेश भित्रका अधिकाँश आर्थिक र सामाजिक परिसूचकहरू समावेश गरी प्रदेश नं. १ को आर्थिक सर्वेक्षण, २०७८/७९ प्रकाशनमा ल्याइएको छ । राष्ट्रिय अर्थतन्त्रको आर्थिक र सामाजिक विद्यमान अवस्थालाई चित्रण गरी अर्थ मन्त्रालयबाट सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण, केन्द्रिय तथ्यांक विभागबाट प्रकाशित प्रतिवेदनहरु, प्रदेश योजना आयोगबाट प्रकाशित प्रदेशको पार्श्वचित्र, नेपाल राष्ट्र बैंक एवं सबै प्रदेशस्तरका मन्त्रालय तथा निकाय मार्फत प्राप्त तथ्यांकलाई प्रयोग गरी सरल र अर्थपूर्ण बनाउने प्रयास गरिएको छ । यस आर्थिक सर्वेक्षणमा प्रदेश र स्थानीय तहको आर्थिक एवम् सामाजिक गतिविधि लगायत आर्थिक एवम् वित्तीय स्थितिको एकीकृत र तुलनात्मक विवरण प्रस्तुत गरिएको छ ।

प्रदेशमा आर्थिक तथा सामाजिक गतिविधिहरूको विकास र विस्तारसँगै यसको प्रतिफल नागरिक स्तरमा पुग्न थालेको छ । गत आर्थिक वर्षको कोभिड-१९ र पछिल्लो अवधिको ओमिक्रोन भेरियन्टको महामारी पश्चात आर्थिक गतिविधिले विस्तारै आफ्नो लय समात्न थालेको छ । चालु आर्थिक बर्षमा प्रदेश सरकारले कोरोना संक्रमितको उपचार, रोकथाम र नियन्त्रण, स्वास्थ्य पूर्वाधार निर्माण, क्षमता विस्तारका कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगेको छ । यसबाट नागरिकको जीवनरक्षालाई पहिलो प्राथामिकतामा राख्दै आर्थिक गतिविधि सुचारू गर्न वातावरण सकारात्मक बन्दै गएको छ ।

प्रस्तुत आर्थिक सर्वेक्षणले प्रदेशको समग्र आर्थिक तथा सामाजिक अवस्थालाई तथ्याङ्कीय आधार सहित चित्रण गर्ने हुँदा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह लगायत अर्थतन्त्रमा रुची राख्ने अर्थशास्त्री, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यापारी लगायत सबै सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु । आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू र सर्वेक्षणका लागि महत्वपूर्ण तथ्याङ्क एवम् सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सबै निकाय एवम् पदाधिकारीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जेष्ठ, २०७९

इन्द्र बहादुर आङ्बो

मन्त्री

आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषय-सूची


| | |
|---|---|
| १. राष्ट्रिय अर्थतन्त्र तथा प्रादेशिक आर्थिक स्थिति | १ |
| २. सार्वजनिक वित्त | ७ |
| ३. बैंक तथा वित्तीय क्षेत्र | १६ |
| ४. आर्थिक तथा पूर्वाधार क्षेत्र | २५ |
| ५. सामाजिक क्षेत्र | ५२ |

# चार्ट-सूची


चार्ट १.१: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ३
चार्ट १.२: कृषि उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा) ३
चार्ट १.३ : प्रदेश नं. १ को कुल मूल्य अभिवृद्धिको संरचना ४
चार्ट १.४: राष्ट्रिय र प्रादेशिक आर्थिक वृद्धिदर (प्रतिशतमा) ५
चार्ट १.५: पछिल्लो ४ आर्थिक वर्षको राष्ट्रिय तथा प्रादेशिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ५
चार्ट २.१: पछिल्लो ३ वर्षको प्रादेशिक खर्चको स्थिति ८
चार्ट २.२: पछिल्लो ३ वर्षको राजस्व उपयोगको स्थिति ९
चार्ट २.३: पछिल्लो ३ वर्षको बजेट सन्तुलन र राजस्व सन्तुलनको स्थिति १०
चार्ट २.४: पछिल्लो ३ वर्षको कुल प्रादेशिक प्राप्ति र अनुदान प्राप्तिको स्थिति १०
चार्ट २.५: कुल प्रादेशिक खर्च संरचना ११
चार्ट २.६: पछिल्लो २ वर्षको प्रदेशगत पुँजीगत खर्चको स्थिति (प्रदेशगत खर्चको प्रतिशतमा) १३
चार्ट ३.१: जिल्लागत प्रति शाखा सेवाप्रवाह गरेको जनसंख्या १७
चार्ट ३.२: जिल्लागत निक्षेप तथा वृद्धिदरको अवस्था १९
चार्ट ३.३: बैंक तथा वित्तीय संस्थाहरुको जिल्लागत कर्जा प्रवाहको अवस्था २०
चार्ट ३.४: विभिन्न शीर्षकमा प्रवाहित सहुलियतपूर्ण कर्जाको अंश २१
चार्ट ३.५: प्रदेशगत धितोपत्र दलालहरुको संख्या २४
चार्ट ४.१: प्रदेश १ मा उत्पादन हुने प्रमुख खाद्यान्न बालीको अवस्था ३५
चार्ट ४.२: जिल्लागत रुपमा सिँचाई सुविधाको अवस्था ४१
चार्ट ४.३: प्रदेशगत सडकको स्थिति (किलोमिटरमा) ४६
चार्ट ४.४: प्रादेशिक तथा स्थानीय सडकको स्थिति (किलोमिटरमा) ४७
चार्ट ४.५: राष्ट्रिय प्रशारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसंख्या (प्रतिशतमा) ४९
चार्ट ४.६: प्रदेश नं १ को विद्युत उत्पादन क्षमता (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक) ५०
चार्ट ५.१: प्रदेश नं. १ मा पाँच वर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरता स्थिति ५३
चार्ट ५.२: प्रदेश नं. १ मा जिल्लागत लेखपढ गर्न नसक्ने जनसंख्याको विवरण (प्रतिशतमा) ५४

# *तालिका-सूची*


*तालिका १.१ : प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक* ६
*तालिका २.१ : प्रादेशिक सार्वजनिक वित्तका परिसूचकहरु (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)* ८
*तालिका २.२: चालु खर्चको शीर्षकगत विवरण (चालु खर्चको प्रतिशतमा)* १२
*तालिका २.३: पछिल्लो ३ वर्षको प्रदेशगत खर्च स्थिति (रू. करोडमा)* १२
*तालिका २.४ : पछिल्लो ३ वर्षको प्रादेशिक राजस्वको संरचना (प्रादेशिक राजस्वको प्रतिशतमा)* १४
*तालिका २.५ : प्रादेशिक आयको संरचना (कुल प्रादेशिक आयको प्रतिशतमा)* १४
*तालिका नं. २.७ प्रदेश नं. १ को संचित कोषको अवस्था* १५
*तालिका ३.१ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या* १६
*तालिका ३.२ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको बैंकिङ्ग सेवाको अवस्था* १८
*तालिका ३.३ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको स्रोत तथा साधन परिचालनको अवस्था* १८
*तालिका ३.४ निक्षेपको अंश* २०
*तालिका ३.५ : बीमकको प्रदेशगत शाखा कार्यालय तथा कर्मचारीको विवरण* २२
*तालिका ३.६ प्रदेश नं. १ को कुल बीमा लेख संख्या तथा बीमा शुल्क संकलनको अवस्था* २३
*तालिका ४.१ : प्रदेश नं. १ को बहुआयामिक गरिबीको स्थिती* २६
*तालिका ४.२ : लिङ्ग अनुसार प्रदेश नं. १ र नेपालको क्रियाशील जनसंख्या (हजारमा)* २७
*तालिका ४.३ : प्रदेश नं. १ को औपचारिक र अनौपचारिक क्षेत्रको रोजगारीको हिस्सा* २८
*तालिका४.४स्थान तथा लिङ्ग अनुसार प्रदेश नं. १ मा श्रम बजारको अवस्था* २८
*तालिका ४.५ : वासस्थान अनुसार नेपाल र प्रदेश नं. १ को १५-२४ वर्षका युवा श्रमशक्तिको अवस्था* २९
*तालिका ४.६ : आर्थिक वर्ष २०७८/७९ फाल्गुन मसान्त सम्म प्रधानमन्त्री रोजगार कर्यक्रम विवरण* ३०
*तालिका ४.७ : प्रदेश नं. १ का जिल्लाहरूबाट २०१६/१७ मा श्रम स्वीकृति लिनेको विवरण* ३०
*तालिका ४.८ : प्रदेशगत रूपमा श्रम बजारका मुख्य सूचकहरू* ३१
*तालिका ४.९ : ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत* ३२
*तालिका ४.१० : लिङ्ग एवं उमेरका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत (हजारमा)* ३२
*तालिका ४.११: लिङ्ग, उमेर तथा क्षेत्रका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या तथा प्रतिशत* ३३
*तालिका ४.१२ : सामाजिक सुरक्षा कोषमा आवद्ध भएका रोजगारदाता र योगदानकर्ता सम्वन्धी विवरण:* ३३
*तालिका ४.१३ : आ.व २०७७/७८ प्रमुख खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व* ३४
*तालिका ४.१४ : चालु आ.व २०७८/७९ प्रमुख खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व प्रक्षेपण* ३५
*तालिका ४.१५ : प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतका पकेट, व्लक, जोन र सुपरजोनको विवरण:* ३६
*तालिका ४.१६ : व्लकको विवरण:* ३७
*तालिका ४.१८ : राष्ट्रिय उत्पादनमा प्रदेशको योगदान (सन् २०१६/१७)* ३८
*तालिका ४.१९ : प्रदेश नं. १ मा अवस्थित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रहरु* ३८
*तालिका ४.२० : प्रदेशगत वन क्षेत्रको स्थिति* ३९
*तालिका ४.२१ स्थानीय तहको वन क्षेत्रको स्थिति (प्रतिशत)* ३९
*तालिका नं. ४.२२ सिंचाइ अवस्था* ४०

तालिका ४.२३ जिल्लागत रुपमा सिंचाई सुविधाको अवस्था ४०
तालिका ४.२४ : प्रदेशमा रहेका साना, मझौला र ठुला उद्योगको संख्या ४१
तालिका ४.२५ : प्रदेश नं. १ को उद्योग दर्ताको अवस्था ४२
तालिका ४.२६ : प्रदेश नं. १ मा दर्ता भएका कम्पनीहरुको तुलनात्मक विवरण ४३
तालिका ४.२७ : प्रदेश नं १ मा निजी क्षेत्रका प्रतिष्ठानको विवरण ४३
तालिका ४.२८ : निजी क्षेत्रका प्रतिष्ठानमा आबद्ध जनशक्तिको विवरण ४३
तालिका ४.२९ : संघीय सरकारले प्रवर्द्धन गरेका प्रमुख १०० गन्तव्यमध्येका प्रदेश नं. १ मा रहेका १६ गन्तव ४४
तालिका ४.३० : प्रादेशिक र स्थानीय सडक सञ्जालको प्रदेशगत सडकको विवरण (किलोमिटरमा) ४६
तालिका ४.३१ : जम्मा सडक सञ्जाल मध्ये प्रादेशिक र स्थानीय सडकको विभाजन विवरण (किलोमिटरमा ४७
तालिका ४.३२ : स्थानीय तहको केन्द्रसम्म सडक पहुँचको अवस्था ४७
तालिका ४.३३ : प्रदेश सरकारबाट भएका सडक तथा पुल निर्माणको अवस्था ४८
तालिक ४.३४ : प्रदेश भित्रका राजमार्गहरु ४८
तालिका ४.३५: राष्ट्रिय प्रशारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसंख्या (प्रतिशतमा) ४९
तालिका ४.३६ : प्रदेश नं १ मा सञ्चालित आयोजनाको विद्युत उत्पादन क्षमता ४९
तालिका ४.३७ : विद्युतीकरणको अवस्था ५०
तालिका ४.३८ : उर्जाका वैकल्पिक स्रोतहरु ५०
तालिका नं. ४.३९ प्रदेशमा संचालित रेडियो र टि.भि.को विवरण ५१
तालिका ५.१ : प्रदेश भित्र संचालित विश्वविद्यालयहरु तथा आंगिक क्याम्पसको अवस्था ५२
तालिका ५.२ : प्रदेश नं. १ का विभिन्न तहका विद्यालयको विवरण ५४
तालिका ५.३ : सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात ५४
तालिका ५.४ : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण ५५
तालिका ५.५ : प्रदेश नं. १ को विद्यार्थी खुद भर्नादर (शैक्षिक वर्ष २०७८) ५६
तालिका ५.६ : प्रदेश नं. १ को विद्यार्थी भर्नाको विवरण ५७
तालिका ५.७ प्रदेश नं १ मा स्वास्थ्य सेवाबाट लाभान्वित जनसङ्ख्या ५७
तालिका ५.८ स्वास्थ्य वीमा सम्वन्धी विवरण ५८
तालिका ५.९ स्वास्थ्य संस्थाको विवरण ५८
तालिका ५.१० खानेपानी तथा सरसफाईको अवस्था ५९
तालिका ५.११ : लैंगिक आधारमा अपांगता भएका व्यक्तिहरुको अवस्था (प्रतिशत) ६०
तालिका ५.१२ : चालु आर्थिक वर्ष २०७८/७९ को चैत्र मसान्त सम्म पदपूर्ती अवस्था ६१
तालिकाः ५.१३ कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि संचालित स्वास्थ्य प्रयोगशालाहरुः ६३
तालिकाः ५.१४ प्रदेशमा कोरोना संक्रमितहरुको विवरण ६४
तालिकाः ५.१५ आ.व. २०७७/७८ को कोरोना कोषको आयव्ययको विवरण ६४
तालिकाः५.१६ चालु आ.व. २०७८/७९ को चैत्र मसान्त सम्मको वित्तीय विवरण ६४
तालिकाः ५.१७ विपद्का घटनामा २०७८ चैत्र मसान्त सम्म मृत्यु भएका मानिसहरुको जिल्लागत विवरण ६५
तालिकाः५.१८ विपद्को प्रकृति अनुसार मृतकको विवरण ६६
तालिका ५.१९ः उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको विवरण ६६
तालिका ५.२०ः ज्येष्ठ नागरिक आश्रम र आश्रितको प्रदेशगत विवरण ६६

## संक्षिप्त रुप

| | |
|---|---|
| अ.ल्या.: | अगाडीबाट ल्याएको |
| आ.व.:- | आर्थिक वर्ष |
| उप.न.पा.:- | उप-महानगरपालिका |
| कि.मी.:- | किलोमिटर |
| गा.पा.: | गाउँपालिका |
| टि.भीः- | टेलिभिजन |
| न.पा.:- | नगरपालिका |
| ब.कि.मी.:- | बर्ग किलोमिटर |
| मे.ट.:- | मेट्रिक टन |
| मे.वा.:- | मेगावाट |
| रु.:- | रुपैयाँ |
| लि.:- | लिमिटेड |
| हे.:- | हेक्टर |
| A.T.M | (ए.टि.एम.):- Automated Teller Machine |
| BPKIHS:- | B.P. Koirala Institute of Health Sciences |
| C-GAS:- | Computerize Government Accounting System |
| COVID-19:- | Coronavirus Disease |
| DMAT:- | Dematerialised Account |
| HA.:- | Hector |
| ICU (आ.सि.यु):- | Intensive Care Unit |
| LPG (एल.पी. ग्याँस):- | Liquefied Petroleum Gas |
| NPHL:- | National Public Health Laboratory |
| PCC:- | Plain Concrete Cement |
| PCR (पि.सि.आर):- | Polymerase Chain Reaction |
| PLMBIS:- | Provincial Line Ministry Budget Information System |
| PPHL:- | Provincial Public Health Laboratory |
| RCC:- | Reinforced Cement Concrete |
| SEE:- | Secondary Education Examination |
| Sq. K.m.:- | Square kilometer |
| SuTRA:- | Sub-national Treasury Regulatory Application |
| TSA:- | Treasury Single Account |

# कार्यकारी सारांश

१. कोभिड-१९ को असर क्रमशः न्यून हुन गएसँगै आर्थिक तथा सामाजिक गतिविधिहरु गतिशील बन्दै गएका छन्। आमनागरिकको जनजीवन सहज बन्दै गएको छ ।उद्योगधन्दा एवम् व्यवसायहरु पूर्ण रुपमा सञ्चालनमा आएका छन् । आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि भएको छ । निर्माण क्षेत्रले क्रमशः गति लिदैं गएको छ । ऊर्जाको उत्पादन बढेको छ । फलस्वरुप चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ५.८४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । त्यसैगरी, चालु आर्थिक वर्षमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र क्रमशः २.३० प्रतिशत र ६.८८ प्रतिशतले विस्तार हुने अनुमान छ।

२. आर्थिक वर्ष २०७८/७९ मा नेपालीको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढेर १३७२ अमेरिकी डलर पुग्ने अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति कुल राष्ट्रिय आय र प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय क्रमशः १३८१ अमेरिकी डलर र १६८३ अमेरिकी डलर पुग्ने अनुमान छ।

३. चालु आर्थिक वर्षको पहिलो १० महिनामा वस्तु निकासी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५९.८ प्रतिशतले बढेर रु.१ खर्ब ७३ अर्ब ३५ करोड पुगेको छ भने वस्तु पैठारी २८.० प्रतिशतले बढेर रू.१६ खर्ब ४ अर्ब ६५ करोड पुगेको छ। फलस्वरुपः वस्तु व्यापार घाटा २४.९ प्रतिशतले बढेर रू.१४ खर्ब ३१ अर्ब ३० करोड पुगेको छ।

४. पछिल्ला दुई आर्थिक वर्षमा कोभिड-१९ को कारण प्रदेश तथा स्थानीय तहका आर्थिक सामाजिक गतिविधिहरु प्रभावित रहे। चालु आर्थिक वर्षमा भने कोभिड-१९ को असर क्रमशः न्यून हुँदै गएको कारण प्रदेश र स्थानीय तहका आर्थिक सामाजिक गतिविधिमा विस्तार भएको छ। फलस्वरुप, आर्थिक वर्ष २०७८/७९ मा सबै प्रदेशको आर्थिक वृद्धिदर गत आर्थिक वर्षको तुलनामा बढ्ने अनुमान रहेको छ।

५. चालु आर्थिक वर्षमा बागमती प्रदेशको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन) सबैभन्दा बढी २४३० अमेरिकी डलर र मधेश प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा न्यून ८६८ अमेरिकी डलर रहने अनुमान छ।

६. प्रादेशिक सार्वजनिक वित्तमा राजस्वको योगदान वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०७५।७६ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा राजस्व प्राप्तिको अनुपात १.५६ प्रतिशतमा सीमित रहेकोमा आ.व. २०७७।७८ मा १.९५ प्रतिशत पुगेको छ ।

७. प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेट सन्तुलन बचतमा रहे पनि राजस्व सन्तुलन अघिल्ला दुई वर्षमा नकारात्मक रहेको थियो। राजस्व परिचालन र चालु खर्चमा मितव्ययीताले गर्दा सन्तुलनमा सुधार भै आ.व. २०७७।७८ मा राजस्व सन्तुलन बचतमा रहेको छ । यही प्रवृत्तिलाई निरन्तरता दिई बचतको प्रयोग पुँजीगत सम्पत्ति सिर्जनामा प्रयोग गर्न सकिने अवस्था रहेको छ।

८. आर्थिक वर्ष २०७८/७९ को पहिलो ८ महिनामा प्रदेश नं. १ को कुल खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.९ प्रतिशतले संकुचन भई रू.१२ अर्ब ५८ करोड २७ लाख रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो खर्च रू.१३ अर्ब ३६ करोड ४६ लाख रहेको थियो।

९. आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ को कुल खर्च आर्थिक वर्ष २०७६/७७ को तुलनामा ६.३ प्रतिशतले संकुचन भई रू.२७ अर्ब ९५ करोड १३ लाख रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खर्च आ.व. २०७५/७६ को तुलनामा ४०.७ प्रतिशतले बढेको थियो।

१०. आर्थिक वर्ष २०७६।७७ मा प्रादेशिक आय ३१ अर्व १४ करोड रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा २.९२ प्रतिशतले वृद्धि भई ३२ अर्व ०५ करोड पुगेको छ । राजस्व प्राप्तिमा २२.६१ प्रतिशतको वृद्धि भएको भएतापनि अनुदान प्राप्तिमा २.१५ प्रतिशतको कमी आएकोले समग्र प्राप्तिमा सीमान्त वृद्धि हुन गएको छ ।

११. समग्र खर्चमा खर्च व्यहोर्ने स्रोतहरु मध्ये अनुदानको मात्रामा कमी आएको देखिन्छ भने राजस्व सीमान्त वृद्धि भएको देखिन्छ । नगद मौज्दातको अंश आर्थिक वर्ष २०७६।७७ मा सबैभन्दा बढी ८.१४ प्रतिशत रहेको छ

१२. आर्थिक वर्ष २०७७/७८ मा प्रदेश संचितकोषमा प्राप्त भएको रकम आर्थिक वर्ष २०७६।७७ को तुलनामा २१८ प्रतिशतले बढेर ४ अर्व १० करोड ६१ लाख पुगेको छ ।

१३. मुलुकका कुल ७५३ स्थानीय तहमध्ये २०७८ चैत्र मसान्तसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ भने प्रदेश नं. १ को सवै १३७ स्थानीय तहमा २०७७ चैत्र महिनामा नै बाणिज्य बैंकको शाखा विस्तार भईसकेको छ ।

१४. २०७७ चैत्र मसान्तको तुलनामा २०७८ चैत्र मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थामा रहेको कुल निक्षेप ४.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ३२ अर्ब पुगेको छ भने कुल कर्जा १४.८ प्रतिशतले वृद्धि भई रु.५ खर्ब २७ अर्ब पुगेको छ । २०७८ असार मसान्तसम्म प्रदेश नं. १ मा

रु.३ खर्ब ४७ अर्बको कुल निक्षेप परिचालन तथा रु.४ खर्ब ८० अर्बको कर्जा प्रवाह भएको थियो ।

१५. २०७८ चैत्र मसान्तसम्म यस प्रदेश अन्तरगतका बैंक तथा वित्तीय संस्थामा रहेका कुल ५७ लाख २४ हजार निक्षेप खातामध्ये ४१ लाख २४ हजार निक्षेप खाता सक्रिय अवस्थामा रहेका छन् । उक्त निक्षेप खातामध्ये ५०,२५,६३२ बचत खाता रहेका छन् । उक्त बचत खातामध्ये ३८,६५,६२८ बचत खाता सक्रिय अवस्थामा रहेका छन् जुन प्रदेश नं. १ को कुल जनसंख्याको ७७.५ प्रतिशत हो । त्यसैगरी, कुल बचत खातामध्ये सक्रिय अवस्थामा रहेका पुरुष तथा महिलाको खाता क्रमशः ५६.६ प्रतिशत र ४३.४ प्रतिशत रहेको छ ।

१६. २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ को कुल निक्षेपमा चल्ती, बचत र मुद्धती निक्षेपको हिस्सा क्रमशः ९.५ प्रतिशत, ४२.६ प्रतिशत, ४२.६ प्रतिशत रहेको छ । २०७७ चैत्र मसान्तसम्म कुल निक्षेपमा चल्ती, बचत र मुद्धतीको हिस्सा ९.६ प्रतिशत, ५०.१ प्रतिशत, ३२.३ प्रतिशत रहेको थियो ।

१७. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी (तेस्रो संशोधन), २०७६ अनुसार २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा २६,१७२ ऋणीहरुलाई कर्जा प्रवाह भई रु.३७ अर्ब ७५ करोड कर्जा बक्यौता रहेको छ । २०७७ चैत्र मसान्तसम्म उक्त कर्जा १६ हजार ३४१ ऋणीहरुलाई प्रवाह भई रु.२४ अर्ब ६६ करोड बक्यौता रहेको थियो ।

१८. २०७८ चैत्र मसान्तसम्म बक्यौता रहेको सहुलियतपूर्ण कर्जा मध्ये व्यवसायिक कृषि तथा पशुपंक्षी शीर्षकमा ११,६०९ ऋणीहरुको रु.२४ अर्ब २१ करोड र महिला उद्यमशील कर्जा शीर्षकमा १४,१५९ ऋणीहरुको रु.१३ अर्ब १६ करोड कर्जा बक्यौता रहेको छ ।

१९. २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा जीवन बीमाका ३७६ र निर्जीवनका १६५ गरी कुल ५४१ बीमक कार्यालय रहेका छन् । २०७७ फागुन मसान्तसम्म यस्तो शाखा संख्या जीवन बीमा तर्फ ३४८ र निर्जीवन बीमातर्फ १५८ गरी कुल ५०६ रहेका थिए । प्रदेश नं. १ का बीमकको शाखा कार्यालयमा जीवन र निर्जीवन गरी कुल १४०६ जना कर्मचारी कार्यरत रहेका छन् ।

२०. आ.व.२०७८ को चैत्र महिनासम्ममा प्रदेश नं. १ मा खोलिएका धितोपत्र दलालका शाखा कार्यालयहरुबाट रु.१ खर्ब ३३ अर्ब बराबरको धितोपत्र खरिद तथा रु.१ खर्ब ३२ अर्ब बराबरको धितोपत्र बिक्री गरी कुल २ खर्ब ६५ अर्ब बराबरको कारोबार भएको छ ।

२१. आ.व. ०७८/७९ सम्म प्रदेशमा ८९ प्रतिशत जनसंख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ भने प्रदेशको १७ प्रतिशत जनसंख्यामा प्रशोधन सहितको सुरक्षित खानेपानीको सुविधा पुगेको छ । सरसफाईको हकमा ८८ प्रतिशत जनसंख्यामा आधारभूत सरसफाई सुविधा पुगेको छ भने प्रदेशका १४ वटै जिल्ला खुला दिसामुक्त घोषणा भई स्थानीय स्तरमा पूर्ण सरसफाई कार्यक्रम कार्यान्वयन गरिएको छ ।

२२. प्रदेश भर २०७८ चैत्र मसान्त सम्ममा जम्मा १ लाख २१ हजार २१८ जना कोरोना संक्रमित मध्ये ५२ हजार ९२२ जना महिला र ६८ हजार २९६ जना पुरुष तथा मृत्यु भएका २ हजार २६० मध्ये ७८० जना महिला र १ हजार ४८० जना पुरुष रहेका छन् ।

# १. राष्ट्रिय अर्थतन्त्र तथा प्रादेशिक आर्थिक स्थिति

## राष्ट्रिय अर्थतन्त्र

१.१ कोभिड-१९ को असर क्रमशः न्यून हुन गएसँगै आर्थिक तथा सामाजिक गतिविधिहरु गतिशील बन्दै गएका छन्। आमनागरिकको जनजीवन सहज बन्दै गएको छ। उद्योगधन्दा एवम् व्यवसायहरु पूर्ण रुपमा सञ्चालनमा आएका छन्। आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि भएको छ। निर्माण क्षेत्रले क्रमशः गति लिदैं गएको छ। ऊर्जाको उत्पादन बढेको छ। फलस्वरुप, चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ५.८४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। त्यसैगरी, चालु आर्थिक वर्षमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र क्रमशः २.३० प्रतिशत र ६.८८ प्रतिशतले विस्तार हुने अनुमान छ।

१.२ चालु आर्थिक वर्षमा कुल उपभोग कुल गार्हस्थ्य उत्पादनको ९०.७ प्रतिशत र कुल गार्हस्थ्य वचत ९.३ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २९.४ प्रतिशत रहने अनुमान छ।

१.३ आर्थिक वर्ष २०७८/७९ मा नेपालीको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढेर १३७२ अमेरिकी डलर पुग्ने अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति कुल राष्ट्रिय आय र प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय क्रमशः १३८१ अमेरिकी डलर र १६८३ अमेरिकी डलर पुग्ने अनुमान छ।

१.४ रसिया र युक्रेनबीचको जारी युद्धको कारण विश्वबजारमा पेट्रोलियम पदार्थको मूल्य उच्च रहेको र आन्तरिक बजारमा समेत सो को असर देखिएको छ। यसबाट आगामी दिनमा उपभोक्ता मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्न चुनौती देखिएको छ। चालु आर्थिक वर्षको शुरुका महिनाहरुमा उपभोक्ता मुद्रास्फीति सामान्य रहेपनि पेट्रोलियम पदार्थमा भएको उच्च मूल्यवृद्धिको कारण पछिल्ला महिनाहरुमा समग्र मूल्यस्तरमा दबाब सिर्जना हुँदै गएको छ। चालु आर्थिक वर्षको पहिलो ९ महिनामा औषत उपभोक्ता मुद्रास्फीति ५.६२ प्रतिशत रहेपनि वार्षिक विन्दुगत आधारमा २०७८ चैत्र महिनामा उपभोक्ता मुद्रास्फीति ७.२८ प्रतिशत रहेको छ।

१.५ चालु आर्थिक वर्षको पहिलो १० महिनामा वस्तु निकासी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५९.८ प्रतिशतले बढेर रु.१ खर्ब ७३ अर्ब ३५ करोड पुगेको छ भने वस्तु पैठारी २८.० प्रतिशतले बढेर रू.१६ खर्ब ४ अर्ब ६५ करोड पुगेको छ। फलस्वरुपः वस्तु व्यापार घाटा २४.९ प्रतिशतले बढेर रू.१४ खर्ब ३१ अर्ब ३० करोड पुगेको छ।

१.६ चालु आर्थिक वर्षको शुरूवात देखि नै वस्तुको निकासीमा उच्च वृद्धि हुँदै गएको भएतापनि वस्तु पैठारीमा समेत उच्च वृद्धि भएको र विप्रेषण आयमा संकुचन आएको कारण चालु खाता घाटा हालसम्मकै उच्च रहेको छ। फलस्वरुप, शोधानान्तर घाटा समेत बढेको छ। चालु आर्थिक

वर्षको पहिलो ९ महिनामा चालु खाता रू.५ खर्ब १२ अर्ब ७१ करोडले घाटामा रहेकोमा शोधानान्तर घाटा रू.२ खर्ब ६८ अर्ब २६ करोड पुगेको छ।

१.७ कोभिड-१९ को असर न्यून भएसँगै समष्टिगत मागमा वृद्धि भएको र सोको कारण वस्तु पैठारीमा उल्लेख्य वृद्धि भई विदेशी विनिमय सञ्चितिमा समेत दबाब सिर्जना भएको छ। २०७८ चैत्रमा विदेशी विनिमय सञ्चिति २०७७ चैत्रको तुलनामा १८.७ प्रतिशतले संकुचन भई रू.११ खर्ब ६७ अर्ब ९२ करोड रहेको छ जुन ६.६ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त छ।

१.८ चालु आर्थिक वर्षको शुरूवात देखिनै संकुचन भएको विप्रेषण आप्रवाहमा पछिल्ला महिनाहरुमा भने केही सुधार देखिएको छ। चालु आर्थिक वर्षको चैत्रसम्म विप्रेषण आप्रवाह अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.६ प्रतिशतले घटेर रू.७ खर्ब २४ अर्ब ७४ करोड कायम भएको छ। यद्यपि, २०७७ चैत्रको तुलनामा २०७८ चैत्रमा भने विप्रेषण आप्रवाह बढेको छ।

## प्रदेशिक आर्थिक स्थिति

१.९ पछिल्ला २ आर्थिक वर्षमा कोभिड-१९ को कारण प्रदेश तथा स्थानीय तहका आर्थिक सामाजिक गतिविधिहरु प्रभावित रहे। चालु आर्थिक वर्षमा भने कोभिड-१९ को असर क्रमशः न्यून हुँदै गएको कारण प्रदेश र स्थानीय तहका आर्थिक सामाजिक गतिविधिमा विस्तार भएको छ। फलस्वरुप, आर्थिक वर्ष २०७८/७९ मा सबै प्रदेशको आर्थिक वृद्धिदर गत आर्थिक वर्षको तुलनामा बढ्ने अनुमान रहेको छ।

## कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

१.१० आर्थिक वर्ष २०७८/७९ को अनुमानित प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू.४८ खर्ब ५१ अर्ब ६३ करोड मध्ये प्रदेश नं. १ को अंश १५.७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक बर्षमा यस्तो अंश १५.८ प्रतिशत रहेको थियो। कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान छ।

### चार्ट १.१: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान




(प्रतिशतमा)

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८ * अनुमानित फाल्गुन मसान्त सम्म

१.११ नेपालको कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं.१ को कृषि उत्पादनको अंश सबैभन्दा बढी र कर्णाली प्रदेशको अंश सबैभन्दा कम रहेको छ। त्यसैगरी, उत्पादनमूलक उद्योगको उत्पादनमध्ये वागमती प्रदेशको अंश सबैभन्दा बढी र कर्णाली प्रदेशको अंश सबैभन्दा कम रहेको छ।

### चार्ट १.२: कृषि उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८

१.१२ प्रदेश नं. १ को कुल मूल्य अभिवृद्धिमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै गएको छ भने कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ। उद्योग क्षेत्रको योगदान भने करिब स्थिर रहेको छ। अन्य प्रदेशको तुलनामा उद्योग क्षेत्रको योगदान प्रदेश नं. १ मा उच्च रहेको छ।

चार्ट १.३ : प्रदेश नं. १ को कुल मूल्य अभिवृद्धिको संरचना




स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * प्रारम्भिक

## प्रादेशिक आर्थिक वृद्धिदर

१.१३ चालु आर्थिक वर्षमा कोभिड-१९ महामारीको प्रभाव क्रमशः घट्दै गई प्रायः सबै आर्थिक गतिविधिहरु कोभिड-१९ पूर्वकै अवस्थामा सञ्चालन भएको हुँदा सो का आधारमा सबै प्रदेशको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०७७/७८ को तुलनामा बढ्ने अनुमान छ। फलस्वरुप; प्रदेश नं. १ को आर्थिक वृद्धिदर गत आर्थिक वर्षको ४.३४ प्रतिशत बाट बढेर चालु आर्थिक वर्षमा ५.४१ प्रतिशत पुग्ने अनुमान छ। चालु आर्थिक वर्षसहित पछिल्लो ४ वर्षमा प्रदेश नं. १ को वार्षिक औषत आर्थिक वृद्धिदर ४.२ प्रतिशत रहेको छ।

१.१४ प्रदेशगत रूपमा आर्थिक वृद्धिदर सबैभन्दा बढी वागमती प्रदेशको ६.७४ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशको ४.८२ प्रतिशत रहने अनुमान छ।

चार्ट १.४: राष्ट्रिय र प्रादेशिक आर्थिक वृद्धिदर (प्रतिशतमा)




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८ * अनुमानित

## प्रतिव्यक्ति आय

१.१५ प्रदेश नं. १ को प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा १२६७ अमेरिकी डलर पुग्ने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो आय ११४९ अमेरिकी डलर रहेको थियो। पछिल्लो ४ आर्थिक वर्षमा प्रदेश नं. १ को प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औषत भन्दा न्यून रहेको देखिन्छ।

१.१६ चालु आर्थिक वर्षमा बागमती प्रदेशको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन) सबैभन्दा बढी २४३० अमेरिकी डलर र मधेश प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा न्यून ८६८ अमेरिकी डलर रहेको अनुमान छ।

चार्ट १.५ : पछिल्लो ४ आर्थिक वर्षको राष्ट्रिय तथा प्रादेशिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलरमा)




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग २०७९

## तालिका १.१ : प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| प्रशासनिक र जनसाँख्यिक स्थिति[1] | | | | | | | | |
| स्थानीय तहको सङ्ख्या | ७५३ | १३७ | १३६ | ११९ | ८५ | १०९ | ७९ | ८८ |
| जनसङ्ख्या (प्रतिशतमा) | १०० | १७.०३ | २०.९९ | २०.८४ | ८.४९ | १७.५५ | ५.८१ | ९.२९ |
| क्षेत्रफल (प्रतिशतमा) | १०० | १७.६ | ६.६ | १३.८ | १५.३ | ११.८ | २१.६ | १३.३ |
| आर्थिक तथा सामाजिक क्षेत्र | | | | | | | | |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) प्रतिशतमा | ५.८४ | ५.४१ | ४.८२ | ६.७४ | ६.१७ | ५.३६ | ५.४७ | ४.९३ |
| गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा) | १०० | १५.७ | १३.३ | ३६.९ | ८.९ | १४.१ | ४.१ | ७.० |
| प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा) | १३७२ | १२६७ | ८६८ | २४३० | १४३७ | ११०३ | ९६४ | १०३१ |
| उद्योगको दर्ता सङ्ख्या | ८६५६ | ८०७ | ५७२ | ५६१४ | ७९८ | ६५६ | ७९ | १३० |
| लघु, घरेलु तथा साना उद्योगको संख्या | ५५५७७६ | ७६०५९ | ७८२०४ | १७६६८९ | ५९९८० | ९४१३८ | २९२४८ | ४१४५८ |
| उद्योगमा लगानी (रू. अर्बमा) | २५१२.१ | ५५५.६ | १४१.७ | ९१२.७ | ५४८.७ | १७१.१ | १३५.२ | ४७.२ |
| कम्पनी दर्ता संख्या | २८३३५८ | २०८३७ | १७५६२ | २००२६२ | १५७२४ | १८७१३ | ३५२६ | ५६७७ |
| जलविद्युत उत्पादन (मेगावाट) | २०२३ | ३२७ | २१ | १०१६ | ५६५ | ३१ | ११ | ५२ |
| वन क्षेत्र (प्रतिशतमा) | १०० | १७.१६ | ३.९९ | १६.५० | १२.३६ | १४.७४ | १७.९० | १७.३४ |
| स्थानीय सडक सञ्जाल (कि.मी.) | ६४६१७ | १३१२९ | ६००२ | १६००१ | ११५७० | ९१३९ | ३३०१ | ५४७५ |
| विद्यालय सङ्ख्या | ३४३६८ | ६७५९ | ४२५८ | ६५६९ | ३९८७ | ५६२२ | ३११२ | ४०६१ |
| वित्तीय क्षेत्र | | | | | | | | |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | ११३४९ | १८२८ | १७२५ | २९२६ | १४०५ | २१८६ | ४५१ | ८२८ |
| प्रतिशाखा जनसङ्ख्या | २५७२ | २७२० | ३५५१ | २०७९ | १७६५ | २३४४ | ३७५८ | ३२७४ |
| बीमकको शाखा संख्या | २९०५ | ५०६ | ३८४ | ८०७ | ३२१ | ४२१ | १८७ | २७९ |
| प्रदेशगत खर्च (रू.करोडमा) | १८८८३ | २७९५ | २२५५ | ३५५९ | २५६२ | ३२१० | २२०४ | २२९७ |
| प्रदेशगत राजस्व (रू.करोडमा) | ८७९४ | १२४१ | १२२६ | २५६३ | ९७३ | १२१२ | ७६७ | ८१२ |

स्रोत: आर्थिक सर्वेक्षण, २०७८/७९, अर्थ मन्त्रालय, सिँहदरबार, काठमाडौं।

# २. सार्वजनिक वित्त

२.१ सार्वजनिक वित्त व्यवस्थापनमा प्रदेश सरकार स्थापना भए देखि नै निरन्तर भएका कानूनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधारबाट अपेक्षित परिणामहरु देखिन थालेका छन्। **"समृद्ध नेपाल सुखी नेपाली"** को मूल परिकल्पनामा आधारित पन्ध्रौ योजनासँग तादात्म्यता राख्दै "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोच सहितको प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) तर्जुमा भए पश्चात बजेट प्रणाली विधि, प्रक्रिया र मापदण्डमा आधारित हुन थालेको छ।पूँजीगत खर्चमा प्रदेश नं.१ तुलनात्मक रुपमा बढी खर्च गर्न सफल भएको छ। सार्वजनिक खर्चको पारदर्शीता र गुणस्तर अभिवृद्धि भएको छ। विकास साझेदारसँगको सहकार्य बढेको छ। सार्वजनिक निजी साझेदारीका लागि कानूनी र संस्थागत व्यवस्था गरिएको छ।

२.२ प्रदेश सरकार गठन भए पश्चात् वित्तीय संघीयता कार्यान्वयनको संरचना तयार भई कार्यान्वयनको चरणमा रहेको छ । संविधान बमोजिम संघबाट वित्तीय हस्तान्तरण भएको र प्रदेशबाट समेत स्थानीय तहमा समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान हस्तान्तरण भएका छन्। संघबाट प्रदेशलाई हस्तान्तरण भएका लामो समय देखि अधुरा रहेका आयोजनाहरु क्रमशः सम्पन्न हुँदैछन्। प्रदेशबाट स्थानीय तहमा सवारी कर बाँडफाँट नियमित र व्यवस्थित भएको छ। प्रदेशमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), एकल खाताकोष प्रणाली (TSA), कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (C-GAS) र विद्युतीय भुक्तानी प्रणाली(EFT-Electronic Fund Transfer) कार्यान्वयनमा आएको छ साथै उक्त प्रणालीहरुमा स्वचालित अन्तरआबद्धता कायम भएको छ ।

२.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तर्जुमा भैसकेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमाको क्रममा रहेको छ। विनियोजन कुशलता हासिल गर्न प्रदेश आयोजना बैंकको स्थापना, मध्यमकालीन खर्च संरचना तर्जुमा र आयोजना तथा कार्यक्रम छनौट प्रणालीलाई व्यवस्थित गर्न प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन,२०७६ लाई कार्यान्वयनमा ल्याईएको छ ।

## प्रादेशिक सार्वजनिक वित्तको आकार

२.४ प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा पछिल्लो तीन वर्षको औषत कुल खर्च ४.१७ प्रतिशत रहेको छ । संघबाट प्राप्त हुने अनुदानको मात्रा घट्दै गएको छ भने कर र गैर कर राजस्वको अनुपात बढदै गएको देखिन्छ। पहिलो दुइ वर्ष राजस्व र चालु खर्च बीचको अन्तर नकारात्मक थियो भने पछिल्लो आ.व. २०७७।७८ मा राजस्वले प्रादेशिक चालु खर्च धानेको अवस्था रहेको छ । प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा पुँजीगत खर्चको अंश सन्तोषजनक रहेको छ ।

तालिका २.१ : प्रादेशिक सार्वजनिक वित्तका परिसूचकहरु (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| कुल खर्च | ३.५४ | ४.८५ | ४.१४ |
| चालु खर्च | १.६३ | १.९५ | १.७९ |
| पुँजीगत खर्च | १.९१ | २.९१ | २.३५ |
| राजस्व | १.५६ | १.७४ | १.९५ |
| कर राजस्व | १.४६ | १.५७ | १.७४ |
| गैरकर राजस्व | ०.१० | ०.१७ | ०.२१ |
| अनुदान प्राप्ति (संघबाट हस्तान्तरण भएको) | ३.०९ | २.९३ | २.६१ |
| गत आर्थिक वर्षको नगद मौज्दात | ०.०६ | ०.३९ | ०.१९ |
| कुल प्रादेशिक प्राप्ति | ४.७१ | ५.०६ | ४.७४ |
| बजेट सन्तुलन | १.१७ | ०.२१ | ०.६१ |
| राजस्व सन्तुलन | -०.०७ | -०.२० | ०.१६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

चार्ट २.१ : पछिल्लो ३ वर्षको प्रादेशिक खर्चको स्थिति
(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

२.५ प्रादेशिक सार्वजनिक वित्तमा राजस्वको योगदान वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०७५/७६ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा राजस्व प्राप्तिको अनुपात १.५६ प्रतिशतमा सीमित रहेकोमा आ.व. २०७७/७८ मा १.९५ प्रतिशत पुगेको छ ।

चार्ट २.२ : पछिल्लो ३ वर्षको राजस्व उपयोगको स्थिति

(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

२.६ प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेट सन्तुलन बचतमा रहे पनि राजस्व सन्तुलन अघिल्ला २ वर्षमा नकारात्मक रहको थियो। राजस्व परिचालन र चालु खर्चमा मितव्यिताले गर्दा सन्तुलनमा सुधार भै आ.व. २०७७।७८ राजस्व सन्तुलन बचतमा रहेको छ । यही प्रवृत्तिलाइ निरन्तरता दिई बचतको प्रयोग पुँजीगत सम्पत्ति सिर्जनामा प्रयोग गर्न सकिने अवस्था रहेको छ।

चार्ट २.३ : पछिल्लो ३ वर्षको बजेट सन्तुलन र राजस्व सन्तुलनको स्थिति
(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

२.७ संघबाट प्राप्त हुने अनुदान रकम घट्दो क्रममा रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको ३.०९ प्रतिशत अनुदान प्राप्त भएकोमा आ.व. २०७७/७८ मा २.६१ प्रतिशत मात्र प्राप्त भएको छ । समानीकरण अनुदानको मात्रा बढदो क्रममा रहे पनि सशर्त अनुदानको हिस्सामा कमी आएकोले समग्र हस्तान्तरणमा संकुचन आएको छ ।

चार्ट २.४ : पछिल्लो ३ वर्षको कुल प्रादेशिक प्राप्ति र अनुदान प्राप्तिको स्थिति
(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

## प्रादेशिक खर्च स्थिति

२.८ आर्थिक वर्ष २०७८/७९ को पहिलो ८ महिनामा प्रदेश नं. १ को कुल खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.९ प्रतिशतले संकुचन भई रू.१२ अर्ब ५८ करोड २७ लाख रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो खर्च रू.१३ अर्ब ३६ करोड ४६ लाख रहेको थियो।

२.९ आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ को कुल खर्च आर्थिक वर्ष २०७६/७७ को तुलनामा ६.३ प्रतिशतले संकुचन भई रू.२७ अर्ब ९५ करोड १३ लाख रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खर्च आ.व. २०७५/७६ को तुलनामा ४०.७ प्रतिशतले बढेको थियो।

२.१० कुल प्रादेशिक खर्चमा पुँजीगत खर्चको हिस्सा चालु खर्चको तुलनामा उच्च रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल प्रादेशिक खर्चमा पुँजीगत खर्चको हिस्सा ५६.७६ प्रतिशत रहेको थियो।

चार्ट २.५ : कुल प्रादेशिक खर्च संरचना




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९ * फागुनसम्म

## चालु खर्चको शीर्षकगत प्रवृत्ति

२.११ प्रादेशिक कुल चालु खर्च मध्ये सबै भन्दा ठुलो अंश अनुदानमा रहेको छ ।यसमा स्थानीय तहलाई गरेको वित्त हस्तान्तरणका अलावा शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन र सामाजिक संरक्षण आदि क्षेत्रमा भएको निशर्त र सशर्त, चालु तथा पुँजीगत एवम् सरकारी निकाय, समिति, बोर्ड र अन्य संस्थालाइ गरेको हस्तान्तरण समेत समावेश रहेको छ । कुल चालु खर्चमा पारिश्रमिक सुविधाको अंश बढ्दो क्रममा रहेको देखिन्छ भने मालसामान तथा सेवाको उपयोगको अंश घटदो क्रममा रहेको छ । आर्थिक वर्ष २०७७।७८ मा अन्य खर्च शीर्षकमा चालु खर्चको २४.२ प्रतिशत खर्च भएको छ।संघीय सरकारबाट प्राप्त सर्शत समपुरक र विशेष अनुदानमा प्राप्त रकममा खर्च नभै बाँकी रहेको रकम अन्य शीर्षकमा खर्च लेखी फिर्ता गरिएको हुनाले सो शीर्षकमा बढि खर्च देखिएको हो ।

### तालिका २.२: चालु खर्चको शीर्षकगत विवरण (चालु खर्चको प्रतिशतमा)

| शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| पारिश्रमिक/सुविधा | १३.१ | १६.९ | १६.० |
| मालसामान तथा सेवाको उपयोग | २३.५ | १९.३ | १८.४ |
| सहायता | १.४ | १.८ | ०.३ |
| अनुदान | ६०.० | ५९.६ | ३९.० |
| सामाजिक सुरक्षा | १.७ | १.९ | २.२ |
| अन्य खर्च | ०.३ | ०.४ | २४.२ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, २०७९

### अन्य प्रदेशको पुँजीगत खर्चको तुलनात्मक अवस्था

२.१२ पछिल्लो ३ आर्थिक वर्षमा सात वटै प्रदेशको कुल खर्चको अनुपातमा पुँजीगत खर्चको प्रतिशतको औषत क्रमशः ५४.८२, ५६.७७ र ५९.६३ रहेकोमा प्रदेश नं १ को अवस्था औषत भन्दा कम रहेको छ ।गण्डकी प्रदेशको पुँजीगत खर्चको अवस्था अन्य प्रदेशको तुलनामा राम्रो रहेको छ ।

### तालिका २.३: पछिल्लो ३ वर्षको प्रदेशगत खर्च स्थिति (रू. करोडमा)

| प्रदेश | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश |
| प्रदेश नं. १ | २१२०.२९ | ५३.९५ | २९८३.३२ | ५९.८९ | २७९५.१३ | ५६.७६ |
| मधेश | १५०९.२४ | ५६.०९ | १८०१.७२ | ४५.७१ | २२५४.५८ | ६१.६७ |
| बागमती | २०६५.२७ | ४६.२६ | २७९५.०९ | ५६.११ | ३५५९.४८ | ५६.२१ |
| गण्डकी | १३९२.८ | ६२.५९ | २०४१.३६ | ६८.५२ | २५६२.३४ | ६८.६७ |
| लुम्बिनी | १७०३.४१ | ५९.७२ | २५४०.७१ | ५७.९४ | ३२१०.३ | ५७.६४ |
| कर्णाली | १००१.६३ | ५४.०६ | १६८८.०२ | ५६.४९ | २२०४.२ | ६१.५७ |
| सुदूरपश्चिम | १४१६.३४ | ५१.०७ | १७६१.२ | ५२.७४ | २२९६.८३ | ५४.८७ |
| **जम्मा** | **११२०९** | **५४.४२** | **१५६११.४** | **५७.२१** | **१८८८२.९** | **५९.३४** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

चार्ट २.६ : पछिल्लो २ वर्षको प्रदेशगत पुँजीगत खर्चको स्थिति (प्रदेशगत खर्चको प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

## प्रादेशिक आय

### राजस्व

२.१३ प्रादेशिक राजस्वको कुल संरचनामा संघबाट बाँडफाँट भै प्राप्त हुने राजस्वको हिस्सा प्रमुख रहेको छ । पछिल्लो ३ वर्षमा बाँडफाँट भै प्राप्त हुने मूल्य अभिवृद्धि कर, आन्तरिक अन्तशुल्क र बाँडफाँटबाट प्राप्त हुने वार्षिक रोयल्टी साथै स्थानीय तहबाट प्राप्त हुने दहत्तर बहत्तर लगायतका स्रोतको योगदान औषत ८२.८५ प्रतिशत रहेको छ । कुल राजस्वमा बाँडफाँटबाट प्राप्त हुने राजस्वको अंश आर्थिक वर्ष २०७५/७६ मा ८४.९७ प्रतिशत रहेकोमा आ.व. २०७७/७८ मा कमी आइ ८०.९० प्रतिशत रहन पुगेको छ भने प्रदेशले संकलन गर्ने गैरकरको अंश वृद्धि भएको छ ।

तालिका २.४ : पछिल्लो ३ वर्षको प्रादेशिक राजस्वको संरचना (प्रादेशिक राजस्वको प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष | | | पहिलो ८ महिनाको | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७७/७८ | २०७८/७९ |
| **बाँडफाँट बाट प्राप्त राजस्व** | ८४.९७ | ८२.७९ | ८०.९० | ७५.१४ | ८०.४१ |
| संघबाट संकलन भई बाँडफाँटबाट प्राप्त राजस्व | ७३.२९ | ७२.१२ | ६७.७५ | ६७.९० | ६९.६७ |
| स्थानीय तहबाट संकलन भई बाँडफाँटमार्फत प्राप्त राजस्व | ११.६८ | १०.६७ | १३.१४ | ७.२४ | १०.७३ |
| **प्रदेशको आन्तरिक राजस्व** | १५.०३ | १७.२१ | १९.१० | २४.८६ | १९.५९ |
| सवारी साधन कर (प्रदेशले उपयोग गर्ने) | ८.३२ | ७.३४ | ८.५५ | १०.८२ | ८.७९ |
| प्रदेशले संकलन गरेको गैरकर राजस्व | ६.७१ | ९.८७ | १०.५५ | १४.०४ | १०.८० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

२.१४ आर्थिक वर्ष २०७६।७७ मा प्रादेशिक आय ३१ अर्व १४ करोड रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा २.९२ प्रतिशतले वृद्धि भै ३२ अर्व ०५ करोड पुगेको छ । राजस्व प्राप्तिमा २२.६१ प्रतिशतको वृद्धि भएको भएतापनि अनुदान प्राप्तिमा २.१५ प्रतिशतको कमी आएकोले समग्र प्राप्तिमा सीमान्त वृद्धि हुन गएको छ ।

तालिका २.५ : प्रादेशिक आयको संरचना (कुल प्रादेशिक आयको प्रतिशतमा)

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| राजस्व (रू. करोडमा) | ०.० | ९३७.१ | १०७२.९ | १३१५.५ |
| राजस्वको अंश (प्रतिशतमा) | ०.० | ३३.२ | ३४.४ | ४१.० |
| अनुदान प्राप्ति (रू. करोडमा) | १०२.१ | १८४९.५ | १७९९.० | १७६१.० |
| अनुदानको अंश (प्रतिशतमा) | १००.० | ६५.५ | ५७.८ | ५४.९ |
| नगद मौज्दात (रू. करोडमा) | ०.० | ३६.९ | २४२.८ | १२९.२ |
| नगद मौज्दातको अंश (प्रतिशतमा) | ०.० | १.३ | ७.८ | ४.० |
| प्रादेशिक आय (रू. करोडमा) | १०२.१ | २८२३.४ | ३११४.७ | ३२०५.७ |
| प्रादेशिक आयको अंश (प्रतिशतमा) | १००.० | १००.० | १००.० | १००.० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

२.१५ समग्र खर्चमा खर्च व्यहोर्ने स्रोतहरु मध्ये अनुदानको स्रोतको मात्रामा कमी आएको देखिन्छ भने राजस्व स्रोतमा सीमान्त वृद्धि देखिन्छ । नगद मौज्दातको अंश आर्थिक वर्ष २०७६।७७ मा सबैभन्दा बढी ८.१४ प्रतिशत रहेको छ ।

तालिका २.६ : प्रादेशिक खर्चमा खर्च वेहोर्ने स्रोत (कुल प्रादेशिक खर्चको प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| राजस्व | ०.०० | ४४.१९ | ३५.८९ | ४७.०६ |
| *कर राजस्व* | *०.००* | *४१.२३* | *३२.३४* | *४२.१०* |
| *गैरकर राजस्व* | *०.००* | *२.९६* | *३.५५* | *४.९६* |
| अनुदान प्राप्ति (संघबाट हस्तान्तरण भएको) | १५६.३२ | ८७.२३ | ६०.३० | ६३.०० |
| गत आर्थिक वर्षको नगद मौज्दात | ०.०० | १.७४ | ८.१४ | ४.६२ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७९

## प्रदेश संचित कोषको अवस्था

२.१६ आर्थिक वर्ष २०७७/७८ मा प्रदेश संचितकोषमा प्राप्त भएको रकम आर्थिक वर्ष २०७६।७७ को तुलनामा २१८ प्रतिशतले बढेर ४ अर्व १० करोड ६१ लाख पुगेको छ ।

तालिका नं. २.७ प्रदेश नं. १ को संचित कोषको अवस्था

| | | रु. हजारमा |
|---|---|---|
| विवरण | २०७६/७७ | २०७७/७८ |
| राजस्व | १०७०७३२५ | १३१५४८८८ |
| कर राजस्व | ९६४८२७८ | ११७६७५४० |
| बाँडफाँटबाट प्राप्त राजस्व (संघ) | ७७३७७८० | ८९१३०२८ |
| बाँडफाँटबाट प्राप्त राजस्व (स्थानीय तह) | ११४४६३५ | १७२९१८० |
| आन्तरिक कर राजस्व | ७६५८६३ | ११२५३३२ |
| गैरकर राजस्व | १०५९०४७ | १३८७३४९ |
| अनुदान प्राप्ति (संघबाट हस्तान्तरण भएको) | १७९८९९३८ | १७६१०३२१ |
| गत आर्थिक वर्षको नगद मौज्दात | २४२७५०५ | १२९२१६३ |
| कुल प्रादेशिक प्राप्ति | ३११२४७६८ | ३२०५७३७२ |
| खर्च | २९८३३२४४ | २७९५१२६१ |
| चालु खर्च | ११९६६६४८ | १२०८५२१२ |
| पुंजीगत खर्च | १७८६६५९६ | १५८६६०४९ |
| वित्तीय व्यवस्था | ० | ० |
| प्रदेश संचित कोषको अवस्था बचत (-)/घाटा(+) | १२९१५२४ | ४१०६१११ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, मोरङ्ग, २०७८

# ३. बैंक तथा बित्तीय क्षेत्र

३.१ आर्थिक वर्ष २०७८/७९ को प्रारम्भदेखि सुरु भई दोस्रो त्रैमासिक मध्यावधिसम्म रहेको कोभिड–१९ महामारीको दोस्रो लहर तथा ओमिक्रोनको असरबाट अर्थतन्त्रका अन्य क्षेत्रका अतिरिक्त बैंक तथा वित्तीय क्षेत्र समेत प्रभावित भयो । कोभिड– १९ महामारी विरुद्धको खोपमा सर्वसाधारणको सहज पहुँच तथा अर्थतन्त्र पुनरुत्थानका लागि चालिएका प्रयासको परिणामस्वरुप अर्थतन्त्र सामान्य अवस्थामा फर्कने क्रमसँगै आर्थिक क्रियाकलापमा भएको बृद्धिले महामारी अवधिभर न्यून देखिएको कर्जाको माग दोस्रो लहरको समाप्ती पश्चात् उच्च वृद्धि भयो । परिणामतः बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाहमा अधिक चाप पर्नुका साथै तरलता व्यवस्थापन समेत चुनौतीपूर्ण रहन गयो । त्यसैगरी, बीमा, सहकारी क्षेत्र, पूँजीबजारको विकास तथा सेवाको विस्तार पनि बढदो क्रममा रहेको छ ।

## वित्तीय संरचना तथा वित्तीय सेवा विस्तार

३.२ मुलुकका कुल ७५३ स्थानीय तहमध्ये २०७८ चैत्र मसान्तसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ भने प्रदेश नं. १ को सवै १३७ स्थानीय तहमा २०७७ चैत्र महिनामा नै बाणिज्य बैंकको शाखा विस्तार भईसकेको छ ।

३.३ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामध्ये वाणिज्य बैंकका ७५३, विकास बैंकका १९०, वित्त कम्पनीका ३२ तथा लघुवित्त संस्थाका ८६६ गरी कुल १,८४१ शाखा रहेका छन् । २०७७ चैत्र मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका कुल १,६७९ शाखा रहेका थिए । गतवर्षको तुलनामा क, ख र घ वर्गका बैंक तथा वित्तीय संस्थाको शाखा संख्यामा वृद्धि भएको छ भने ग वर्गका वित्त कम्पनीको शाखा संख्या घटेको छ । विशेष गरी वित्तीय र मौद्रिक नीतिमार्फत मर्जर तथा प्राप्तिमा प्रदान गरिएको सहुलियतका कारण केही वित्त कम्पनीहरु क बर्गका बाणिज्य बैंक वा ख बर्गका विकास बैंकसँग मर्जरमा गएकाले शाखा संख्यामा कमी आएको देखिन्छ ।

तालिका ३.१ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या

| बैक तथा वित्तीय संस्था | चैत मसान्त | |
|---|---|---|
| | **२०७७** | **२०७८** |
| बाणिज्य बैंक | ७१२ | ७५३ |
| विकास बैंक | १७४ | १९० |
| वित्त कम्पनि | ४४ | ३२ |
| लघुवित्त वित्तीय संस्था | ७४९ | ८६६ |
| कुल शाखा संख्या | १,६७९ | १,८४१ |

स्रोतः नेपाल राष्ट्र बैंक

३.४ २०७८ चैत्र मसान्तसम्म नेपालमा रहेका क, ख, ग र घ वर्ग का संस्थाले प्रतिशाखा सेवा प्रवाह गरेको जनसंख्या २,५६१ रहेको छ भने प्रदेश नं. १ मा रहेका बैंक तथा वित्तीय संस्थाले प्रतिशाखा सेवा प्रवाह गरेको जनसंख्या २,७०१ रहेको छ । गतवर्षको सोही अवधिमा प्रदेश नं. १ का बैंक तथा वित्तीय संस्थाले सेवा प्रवाह गरेको प्रतिशाखा जनसंख्या २,९७० रहेको थियो । प्रदेश नं. १ अन्तरगतका १४ वटा जिल्लामध्ये धनकुटा जिल्लामा प्रतिशाखा सेवा प्रवाह गरेको जनसंख्या सवैभन्दा कम १,८५२ रहेको छ भने खोटाङ्ग जिल्लामा प्रतिशाखा सेवा प्रवाह गरेको जनसंख्या सवैभन्दा बढी ३,७३१ रहेको छ ।

चार्ट ३.१ जिल्लागत प्रति शाखा सेवाप्रवाह गरेको जनसंख्या




स्रोतः नेपाल राष्ट्र बैंक

३.५ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाका ५५८ वटा ए.टि.एम. मेसिन सञ्चालनमा रहेका छन् भने १३ लाख ३२ हजार डेविट कार्ड, २०,५३० क्रेडिट कार्ड जारी भएका छन् । गतवर्षको सोही अवधिको तुलनामा मोवाइल बैंकिङ्ग लिने ग्राहकको संख्या ३१.४ प्रतिशत, इन्टरनेट बैंकिङ्ग सेवा लिने ग्राहकको संख्या ६५.७ प्रतिशत, क्रेडिट कार्ड लिने ग्राहकको संख्या ३६.९ प्रतिशत र डेविट कार्ड लिने ग्राहकको संख्या २५.७ प्रतिशतले वृद्धि

भएको छ । इन्टरनेट सेवाको बढ्दो पहुँच, बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जालमा आएको तीव्र विस्तारले गर्दा अत्याधुनिक बैकिङ्ग सुविधा लिने ग्राहकको संख्यामा वृद्धि भएको देखिन्छ ।

तालिका ३.२ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको बैंकिङ्ग सेवाको अवस्था

| बैकिङ्ग सेवा | चैत मसान्त | | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| | २०७७ | २०७८ | |
| ए.टि.एम. मेसिन | ५३४ | ५५८ | ४.५ |
| डेबिट कार्ड | १,०५९,२५४ | १,३३१,९५४ | २५.७ |
| क्रेडिट कार्ड | १४,९९८ | २०,५३० | ३६.९ |
| प्रिपेड कार्ड | ९०६ | १,८२१ | १०१.० |
| मोवाइल बैंकिङ्ग सेवा | १,८९२,४३७ | २,४८६,९८२ | ३१.४ |
| इन्टरनेट बैंकिङ्ग सेवा | ८३,२८३ | १३७,९६६ | ६५.७ |
| शाखारहित बैंकिङ्ग सेवा | ४०१ | ३७२ | -७.२ |

स्रोत: नेपाल राष्ट्र बैंक

## वित्तीय स्रोत तथा वित्तीय साधन परिचालनको अवस्था

३.६ २०७७ चैत्र मसान्तको तुलनामा २०७८ चैत्र मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थामा रहेको कुल निक्षेप ४.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ३२ अर्ब पुगेको छ भने कुल कर्जा १४.८ प्रतिशतले वृद्धि भई रु.५ खर्ब २७ अर्ब पुगेको छ । २०७८ असार मसान्तसम्म प्रदेश नं. १ मा रु.३ खर्ब ४७ अर्बको कुल निक्षेप परिचालन तथा रु.४ खर्ब ८० अर्बको कर्जा प्रवाह भएको थियो ।

तालिका ३.३ प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको स्रोत तथा साधन परिचालनको अवस्था

| वित्तीय स्रोत तथा साधन | चैत मसान्त | | वृद्धिदर (%) |
|---|---|---|---|
| | २०७७ | २०७८ | |
| कुल निक्षेप (रु.करोड) | ३१,८२४.४ | ३३,२३७.९ | ४.४ |
| कुल कर्जा (रु.करोड) | ४५,९२२.९ | ५२,७३५.९ | १४.८ |

स्रोत : नेपाल राष्ट्र बैंक

३.७ २०७८ चैत्र मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेश अन्तरगतका जिल्लाहरुमध्ये मोरङ्गमा सबैभन्दा बढी रु.१ खर्ब ३ अर्ब निक्षेप परिचालन गरेका छन् भने तेह्रथुम जिल्लामा सबैभन्दा कम रु.४ अर्ब ४८ करोड निक्षेप परिचालन गरेका छन् । प्रदेशको कुल निक्षेप

परिचालनमा मोरङ्ग, सुनसरी र झापा जिल्लाको हिस्सा ७७.१ प्रतिशत रहेको छ । त्यसैगरी, २०७७ चैत्र मसान्तको तुलनामा भोजपुर जिल्लाको निक्षेप सबैभन्दा बढी १७.४ प्रतिशतले वृद्धि भएको छ भने झापा जिल्लाको निक्षेप सबैभन्दा कम ०.३ प्रतिशतले वृद्धि भएको छ ।

चार्ट नं. ३.२ जिल्लागत निक्षेप तथा वृद्धिदरको अवस्था




स्रोत : नेपाल राष्ट्र बैंक

३.८ २०७८ चैत्र मसान्तसम्म यस प्रदेश अन्तरगतका बैंक तथा वित्तीय संस्थामा रहेका कुल ५७ लाख २४ हजार निक्षेप खातामध्ये ४१ लाख २४ हजार निक्षेप खाता सक्रिय अवस्थामा रहेका छन् । उक्त निक्षेप खातामध्ये ५०,२५,६३२ बचत खाता रहेका छन् । उक्त बचत खातामध्ये ३८,६५,६२८ बचत खाता सक्रिय अवस्थामा रहेका छन् जुन प्रदेश नं. १ को कुल जनसंख्याको ७७.५ प्रतिशत हो । त्यसैगरी, कुल बचत खातामध्ये सक्रिय अवस्थामा रहेका पुरुष तथा महिलाको खाता क्रमशः ५६.६ प्रतिशत र ४३.४ प्रतिशत रहेको छ ।

३.९ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ को कुल निक्षेपमा चल्ती, बचत र मुद्धती निक्षेपको हिस्सा क्रमशः ९.५ प्रतिशत, ४२.६ प्रतिशत, ४२.६ प्रतिशत रहेको छ । २०७७ चैत्र मसान्तसम्म कुल निक्षेपमा चल्ती, बचत र मुद्धतीको हिस्सा ९.६ प्रतिशत, ५०.१ प्रतिशत, ३२.३ प्रतिशत रहेको थियो ।

तालिका ३.४ निक्षेपको अंश

| निक्षेप | २०७७ चैत्र मसान्त | २०७८ चैत्र मसान्त |
|---|---|---|
| चल्ती | ९.६ | ९.५ |
| बचत | ५०.१ | ४२.६ |
| मुद्दती | ३२.३ | ४२.६ |
| अन्य | ८.० | ५.३ |
| कुल | १००.० | १००.० |
| | | स्रोत : नेपाल राष्ट्र बैंक |

३.१० २०७८ चैत्र मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेश अन्तरगतका जिल्लाहरुमध्ये मोरङ्गमा सबैभन्दा बढी रु.२ खर्ब २४ अर्ब र ताप्लेजुङ्गमा सबैभन्दा कम रु.२ अर्ब ५६ करोड कर्जा प्रवाह गरेका छन् । प्रदेशको कुल कर्जा प्रवाहमा मोरङ्ग, सुनसरी र झापा जिल्लाको हिस्सा ८७.८ प्रतिशत रहेको छ । त्यसैगरी, २०७७ चैत्र मसान्तको तुलनामा २०७८ चैत्र मसान्तसम्म सोलुखुम्बु जिल्लाको कर्जा प्रवाह सबैभन्दा बढी २४.३ प्रतिशतले वृद्धि भएको छ भने संखुवासभा जिल्लाको कर्जा वृद्धिदर सबैभन्दा कम ४.७ प्रतिशत ऋणात्मक रहेको छ ।

चार्ट नं. ३.३ : बैंक तथा वित्तीय संस्थाहरुको जिल्लागत कर्जा प्रवाहको अवस्था




स्रोत: नेपाल राष्ट्र बैंक

## सहुलियतपूर्ण कर्जा

३.११ सहुलियतपूर्ण कर्जाकालागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी (तेस्रो संशोधन), २०७६ अनुसार २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा २६,१७२ ऋणीहरुलाई कर्जा प्रवाह भई रु.३७ अर्ब ७५ करोड कर्जा बक्यौता रहेको छ । २०७७ चैत्र मसान्तसम्म उक्त कर्जा १६३४१ ऋणीहरुलाई प्रवाह भई रु.२४ अर्ब ६६ करोड बक्यौता रहेको थियो ।

३.१२ २०७८ चैत्र मसान्तसम्म बक्यौता रहेको सहुलियतपूर्ण कर्जामध्ये व्यवसायिक कृषि तथा पशुपंक्षी शीर्षकमा ११,६०९ ऋणीहरुको रु.२४ अर्ब २१ करोड र महिला उद्यमशील कर्जा शीर्षकमा १४,१५९ ऋणीहरुको रु.१३ अर्ब १६ करोड कर्जा बक्यौता रहेको छ ।

चार्ट नं. ३.४ : विभिन्न शीर्षकमा प्रवाहित सहुलियतपूर्ण कर्जाको अंश




स्रोत: नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्थामा कोभिड खोपको अवस्था

३.१३ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा रहेका बैंक तथा वित्तीय संस्थामा कार्यरत कोभिड–१९ बाट संक्रमित कर्मचारीको कुल संख्या २,२३७ जना रहेका छ भने मृत्यु हुने कर्मचारीको संख्या ११ जना रहेको छ । २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा रहेका बैंक तथा वित्तीय संस्थाका ६,५१८ जना कर्मचारीमध्ये ९०.३ प्रतिशतले कोभिड– १९ विरुद्धको खोप लगाएका छन् ।

## बीमा

३.१४ २०७८ चैत्र मसान्तसम्म नेपालमा बीमा कम्पनीको संख्या जम्मा ४१ पुगेको छ । कार्य प्रकृतिको आधारमा १९ जीवन बीमा, २० निर्जीवन बीमा र २ पुनर्बीमा कम्पनी सञ्चालनमा रहेका छन् । त्यसैगरी, लगानीको आधारमा सरकारी लगानीका २ वटा, निजी लगानीका ३३ वटा, विदेशी कम्पनीको शाखा कार्यालय ३ वटा र संयुक्त लगानीका २ वटा बीमा कम्पनीहरू सञ्चालनमा रहेका छन् ।

३.१५ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा जीवन बीमाका ३७६ र निर्जीवनका १६५ गरी कुल ५४१ बीमक कार्यालय रहेका छन् । २०७७ फागुन मसान्तसम्म यस्तो शाखा संख्या जीवन तर्फ ३४८ र निर्जीवन तर्फ १५८ गरी कुल ५०६ रहेका थिए । प्रदेश नं. १ का बीमकको शाखा कार्यालयमा जीवन र निर्जीवन गरी कुल १४०६ जना कर्मचारी कार्यरत रहेका छन् ।

तालिका ३.५ : बीमकको प्रदेशगत शाखा कार्यालय तथा कर्मचारीको विवरण

| प्रदेश | कार्यालयको संख्या | | | कर्मचारीको संख्या | | |
|---|---|---|---|---|---|---|
| | जीवन | निर्जीवन | जम्मा | जीवन | निर्जीवन | जम्मा |
| प्रदेश १ | ३७६ | १६५ | ५४१ | ७८८ | ६१८ | १४०६ |
| मधेश | ३२२ | १२७ | ४४९ | ७०६ | ४६६ | ११७२ |
| बागमती | ५९७ | ३१६ | ९१३ | २५२९ | ३०१३ | ५५४२ |
| गण्डकी | २३४ | १३९ | ३७३ | ५०१ | ४७२ | ९७३ |
| लुम्बिनी | ३६६ | १७९ | ५४५ | ८२७ | ६९३ | १५२० |
| बागमती | १४५ | ४२ | १८७ | ३१० | १३१ | ४४१ |
| सुदुरपश्चिम | २५७ | ७२ | ३२९ | ५४८ | २४४ | ७९२ |
| जम्मा | २,२९७ | १,०४० | ३,३३७ | ६,२०९ | ५,६३७ | ११,८४६ |

स्रोतः राष्ट्रिय बीमा समिति

३.१६ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा बीमा कम्पनीहरुले जीवन बीमा मार्फत रु.१२ अर्ब ४९ करोड र निर्जीवन बीमा मार्फत रु.२ अर्ब ५९ करोड गरी कुल रु.१५ अर्ब ८ करोड बीमा शुल्क संकलन गरेका छन् । यो नेपालभर संकलन भएको कुल बीमा शुल्कको ११.५ प्रतिशत हो । प्रदेश नं. १ मा २०७८ चैत्र मसान्तसम्म जीवन बीमा तथा निर्जीवन बीमा दुवैतर्फ गरी कुल १५,३८,८१३ बीमालेख जारी भएका छन् । यो बीमालेख संख्या नेपालभर गरिएका कुल बीमालेखको ११.५ प्रतिशत हो ।

तालिका ३.६ प्रदेश नं. १ को कुल बीमा लेख संख्या तथा बीमा शुल्क संकलनको अवस्था

| विवरण | जिवन | निर्जिवन | कुल |
|---|---|---|---|
| कुल बीमालेख संख्या | १२७११०३.० | २६७७१०.० | १५३८८१३.० |
| कुल बीमा शुल्क | १२४९४०.९ | २५९१९.५ | १५०८६०.३ |
| कुल बीमा शुल्कमा प्रदेश नं. १ को हिस्सा | १२.२ | ९.० | ११.५ |

३.१७ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ को कुल जनसंख्याको २४.२३ प्रतिशत जनसंख्या (सामान्य म्यादी र लघु म्यादी सहित) मा बीमाको पँहुच पुगेको छ भने सामान्य म्यादी र लघु म्यादी बाहेक जीवन बीमाको दायरा पुगेको जनसंख्या ११.३० प्रतिशत रहेको छ ।

३.१८ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं.१ मा कृषि तथा पशुपन्छी बीमाको १६,२१७ वटा बीमा लेख जारी भई रू.२६ करोड ५० लाख बीमा शुल्क संकलन भएको छ ।

## पुँजी बजार

३.१९ २०७८ चैत्र मसान्तसम्म प्रदेश नं. १ मा रहेका बैंक तथा वित्तीय संस्था मार्फत खोलिएका मुख्य खाताहरुको संख्या गत वर्षको सोही अवधिको तुलनामा २८.०३ प्रतिशतले वृद्धि भई १२,७६,५२६ पुगेको छ । वृद्धि भएका मुख्य खाताहरुमध्ये पुरुषको खाता संख्या ५४.१ प्रतिशत तथा महिलाको खाता संख्या ४५.९ प्रतिशत रहेको छ । २०७७ फागुन मसान्तसम्म मुख्य खाताहरुको संख्या ९,९७,२६३ रहेको थियो ।

३.२० प्रदेश नं. १ का तीन जिल्लाहरु झापा, मोरङ र सुनसरीमा धितोपत्र दलालले धितोपत्र कारोवार सेवा विस्तार गरेका छन् । २०७८ चैत्रमसान्तसम्म प्रदेश नं. १ मा धितोपत्र दलालहरुका १४ वटा शाखा रहेका छन् ।

चार्ट नं. ३.५ : प्रदेशगत धितोपत्र दलालहरुको संख्या




स्रोत: नेपाल स्टक एक्स्चेन्ज

३.२१ आ.व.२०७८ को चैत्र महिनासम्ममा प्रदेश नं. १ मा खोलिएका धितोपत्र दलालका शाखा कार्यालयहरुबाट रु.१ खर्ब ३३ अर्ब बराबरको धितोपत्र खरिद तथा रु.१ खर्ब ३२ अर्ब बराबरको धितोपत्र विक्री गरी कुल २ खर्ब ६५ अर्ब बराबरको कारोबार भएको छ ।

# ४. आर्थिक तथा पूर्वाधार क्षेत्र

## गरिबी निवारण र रोजगारी

४.१ नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आर्थिक वृद्धि सहित न्यायोचित वितरणको आर्थिक उद्देश्य लिएको छ । गरिबीको वितरण भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सन् २०२० को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकांक अघिल्लो बर्ष ०.५७९ को तुलनामा सुधार भई ०.६२० रहेको छ । सम्पत्तिमा आर्थिक असमानता सूचकांक (Palma ratio) ०.९७ / सम्पत्तिमा आर्थिक असमानता (Gini-coefficient) ०.३४ रहेको छ ।यस प्रदेशको बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेको छ । गरिबीको गहनता दलित, जनजाति, पिछडिएको क्षेत्र र महिलामा बढी रहेको देखिन्छ । देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्नु आजको आवश्यकता हो ।

४.२ पन्ध्रौं योजनामा गरिबी निवारणलाई राष्ट्रिय रणनीतिको रुपमा अंगीकार गरे सँगै संघ, प्रदेश र स्थानीय तहका सरकारबाट गरिबी निवारणका लागि लक्षित कार्यक्रमहरु संचालन हुँदै आएका छन् । यसबाट आर्थिक सामाजिक सूचकहरुमा सुधार हुँदै गएको छ । कोभिड-१९ महामारीको प्रभाव लामो समयसम्म कायम रहेमा आर्थिक वर्ष २०८०/८१ सम्ममा गरिबीलाई ११ प्रतिशमा झार्ने १५ औ योजनाको लक्ष्य हाँसिल गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

४.३ विकासका आयाममा गरिबी निवारण सम्बन्धित बिषय भएकोले विकासका हरेक क्रियाकलाप र आयोजनाहरुलाई गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरी कार्यान्वयन गर्न सकिएमा गरिबी निवारणमा सघाउ पुग्ने देखिन्छ । प्रदेश नं १ मा बहुआयामिक गरिबीको दर १९.७ प्रतिशत रहेको छ ।

४.४ गरिबी निवारण नीति, २०७६ ले प्रदेश र स्थानीय तहमा संचालनमा रहेका गरिबी निवारण सम्बन्धी सबै कार्यक्रम तथा आयोजनाहरुमा नेपाल सरकारले प्रभावकारी समन्वय र सहकार्य गर्ने नीति लिएको छ । यस्तै गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र अनुगमन साथै गरिब परिवार पहिचान सम्बन्धी प्रादेशिक सर्वेक्षण गरिब परिवारकालागि सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजना, संघ र स्थानीय तहहरुसँग सहकार्य गर्ने जस्ता कार्य जिम्मेवारी प्रदेश सरकारको हुने गरी निर्दिष्ट गरिएको छ ।

४.५ नेपालमा पहिलो पटक २०७४ मा बहुआयामिक गरिबीको मापन गरी नतिजा सार्वजनिक गरिएको थियो । राष्ट्रिय योजना आयोग र Oxford Poverty and Human Development Initiative बाट भएको

उक्त सर्वेक्षणले प्रादेशिक संरचना अनुसारको गरिबीको अवस्थालाई समेत तथ्याङ्कीय रुपमा नतिजा प्रकाशन गरेको थियो । यसै सर्वेक्षणका आधारमा प्रदेश नं. १ बहुआयामिक गरिबीलाई समग्र नेपालको अवस्थासँग तुलना गरी तालिका नं ४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१ : प्रदेश नं. १ को बहुआयामिक गरिबीको स्थिती

| गरिबीको विवरण | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| बहुआयामिक गरिबी प्रतिशत | १९.७ | २८.६ |
| गरिबिको सघनता प्रतिशत | ४३.२ | ४४.२ |
| बहुआयामिक गरिबिको सूचकांक | ०.०८५ | ०.१२७ |

स्रोतः राष्ट्रिय योजना आयोग

४.६ बहुआयामिक गरिबी राष्ट्रिय औषत २८.६ प्रतिशत रहेको छ भने यस प्रदेशको बहुआयामिक गरिबी १९.७ प्रतिशत छ। शहरी क्षेत्रमा निरपेक्ष गरिबी कम देखिए पनि गरिबीको सघनता उच्च रहेको छ । प्रदेश नं १ मा गरिबीको सघनता ४३.२ प्रतिशत रहेको छ जुन राष्ट्रिय प्रतिशतको हाराहारी रहेको छ ।यस्तै राष्ट्रिय बहुआयामिक गरिबीको सूचकांक ०.१२७ रहेकोमा यस प्रदेशको यस्तो सूचकांक ०.०८५ रहेको छ ।जुन नेपालको बहुआयामिक गरिबी सूचकांकको तुलनामा ०.०४२ ले घटी हो।

४.७ स्वास्थ्य र शिक्षा क्षेत्रमा कुल लगानी विस्तार हुँदै गएको छ । फलस्वरुप पोषण, वाल मृत्युदर, विद्यालय शिक्षा सम्वन्धी सामाजिक क्षेत्रका सूचकहरुमा निरन्तर सुधार भएको छ । गरिवी र विपन्न प्रभावित परिवार लक्षित आवास कार्यक्रमको प्रभावकारिता, फुसको छानोलाई जस्तापाताले विस्थापित गर्ने अभियानको सफलता तथा स्वच्छ उर्जा र पिउने पानीको विस्तार भएको छ । जसले गरिबी निवारण गर्न उल्लेख्य योगदान गरेको छ ।

## रोजगारी

४.८ नेपालको संविधानले रोजगारीको हकको सुनिश्चितता प्रदान गर्नका साथै नीतिमा श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारीको अभिवृद्धि गर्ने, सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, बाल श्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने, सुमधुर श्रम सम्बन्ध राख्ने, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित, व्यवस्थित गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशको उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति लिएको छ । दिगो विकासको लक्ष्यले पूर्ण र उत्पादनशील रोजगारी र सबैका लागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने लक्ष्य तोकेको

छ । सन् २०३० सम्ममा बालश्रमको पूर्ण उन्मूलन र अर्धबेरोजगारी दर १० प्रतिशत भन्दा तल झार्ने लक्ष्य लिएको छ।

४.९ नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/१८ का अनुसार यस प्रदेशमा काम गर्ने उमेर समूह (१५-५९ वर्ष) को जनसंख्या ३५,५६,००० रहेको र श्रम सहभागिता दर ३७.८ प्रतिशत रहेको छ। प्रदेशको रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३४ प्रतिशत रहेको छ भने बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ। श्रम शक्तिको २२.२ प्रतिशत कृषिमा संलग्न रहेको देखिन्छ । यसमा महिला ५४.२४ र पुरुष ४५.७४. प्रतिशत रहेको छ । कृषिमा संलग्न महिलामा उच्च माध्यमिक तहको शिक्षा हासिल गरेकाको प्रतिशत ५.८५ छ भने SEE सम्मको शिक्षा प्राप्त १९.६८ प्रतिशत रहेको छ । उच्च शिक्षा हासिल गरेकाको हिस्सा नगन्य रहेको छ ।यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने संख्याको अनुपात कुल वैदेशिक रोजगारीको २५.५१ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा जाने मुलुककै अधिक संख्याका १० जिल्ला मध्ये प्रदेश नं. १ का तीन जिल्ला (झापा, मोरङ र सुनसरी) पर्दछन् । महिला वैदेशिक रोजगारीमा जाने मुलुककै अधिकतम १० जिल्ला मध्ये चार वटा जिल्ला (झापा, मोरङ, इलाम र सुनसरी) पर्दछन् ।

४.१० त्यसैगरी बहुआयामिक गरिबीको स्थितिको आधारमा प्रदेश नं. १ को अवस्था समग्र मुलुककै भन्दा केही राम्रो रहेको छ । नेपालमा बहुआयामिक गरिबीको दर २८.६ प्रतिशत छ भने यस प्रदेशमा सो दर १९.७ प्रतिशत रहेको छ । प्रदेश नं. १ मा गरिबीको सघनता ४३.२ प्रतिशत रहेको छ जुन मुलुकको सोही दर ४४.२ प्रतिशत कै हाराहारीमा रहेको छ ।

४.११ नेपालका प्रदेशहरूमा रहेका क्रियाशील जनसंख्या तथा तिनको लैङ्गिक वितरण तालिकामा देखाइएको छ । नेपालको कुल क्रियाशिल जनसंख्याको करिब १७ प्रतिशत हिस्सा प्रदेश नं. १ ले लिएको छ । प्रदेश नं. १ मा क्रियाशिल जनसङ्ख्यामध्ये करिब ४५ प्रतिशत पुरुष र ५५ प्रतिशत महिला जनसंख्या रहेका छन् । जुन अनुपात समग्र मुलुकको अनुपातसँग मिल्दोजुल्दो छ।

तालिका ४.२ : लिङ्ग अनुसार प्रदेश नं. १ र नेपालको क्रियाशील जनसंख्या (हजारमा)

| विवरण | संख्या | | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला |
| प्रदेश नं .१ | १,५९८ | १,९५७ | ३,५५६ | ४४.९ | ५५.१ |
| नेपाल | ९,२०८ | ११,५३७ | २०,७४४ | ४४.४ | ५५.६ |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८

४.१२ प्रदेश नं. १ मा रहेका रोजगार जनसंख्याको कार्यक्षेत्र तालिकामा देखाइएको छ । प्रदेश नं. १ को औपचारिक क्षेत्रमा जम्मा ३६.७ प्रतिशत जनसंख्या रोजगार छन् जसमा कृषिमा मात्र १.७

प्रतिशत र गैर कृषिमा ३५ प्रतिशत रहेको छ । जब कि मुलुकको अनौपचारिक क्षेत्रमा पनि रोजगारी दर उस्तै रहेको छ । यसैगरी प्रदेश नं. १ मा अनौपचारिक क्षेत्रमा जम्मा ६३.२ प्रतिशत रोजगार जनसंख्या छ जसमा कृषिमा २०.४ प्रतिशत, गैर कृषिमा ४२.१ प्रतिशत र व्यक्तिगत क्षेत्रमा ०.८ प्रतिशत हिस्सा छ । नेपालको औपचारिक क्षेत्रमा पनि उस्तै मात्रामा रोजगारी दर रहेको छ ।

तालिका ४.३ : प्रदेश नं. १ को औपचारिक र अनौपचारिक क्षेत्रको रोजगारीको हिस्सा

| प्रदेश | संलग्न जनसंख्याको प्रतिशत | | | | | | | राष्ट्रिय कुल |
|---|---|---|---|---|---|---|---|---|
| | औपचारिक क्षेत्र | | | अनौपचारिक क्षेत्र | | | | |
| | कृषि | गैह्र कृषि | कुल | कृषि | गैह्र कृषि | व्यक्तिगत | कुल | |
| प्रदेश नं .१ | १.७ | ३५ | ३६.७ | २०.४ | ४२.१ | ०.८ | ६३.३ | १,२०८ |
| नेपाल | १.३ | ३६.५ | ३७.८ | २०.२ | ४१ | १ | ६२.२ | ७,०८६ |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८

## शहरी तथा ग्रामीण क्षेत्रमा श्रम बजारको अवस्था

४.१३ प्रदेश नं. १ को बेरोजगारी दर नेपालको समग्र बेरोजगारी दर भन्दा कम छ । श्रमशक्ति सहभागिता दर प्रदेश नं. १ मा ३८ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औषतकै हाराहारी हो । श्रमशक्ति सहभागिता दर गाउँमा भन्दा शहरमा तथा महिलाको भन्दा पुरुषको बढी रहेको अवस्था छ । प्रदेश नं. १ मा अहिले पनि पुरुष, महिला दुबैको १५ वर्ष माथिको ठूलो संख्या गाउँमा भन्दा शहरमा केन्द्रित छ । रोजगारको हिस्सा शहरले बढी लिएको छ । त्यस्तै, प्रदेश नं. १ मा पुरुष बेरोजगारी दर गाउँमा बढी र महिला बेरोजगारी दर शहरमा बढी छ । यस्तै शहर तथा गाउँ दुबैमा महिला बेरोजगारी दर पुरुष बेरोजगारी दर भन्दा बढी छ । मुलुकको समग्र तथ्याङ्क हेर्दा श्रमशक्ति बाहिरको संख्या शहरमा महिलाको बढी र गाउँमा पुरुषको बढी छ । त्यस्तै गाउँमा भन्दा शहरमा श्रमशक्ति बाहिरको संख्या बढी छ ।

तालिका ४.४ :स्थान तथा लिङ्ग अनुसार प्रदेश नं. १ मा श्रम बजारको अवस्था (१५ वर्ष वा सो भन्दा बढी, हजारमा)

| प्रदेश नं .१ नेपाल | शहर | | | गाउँ | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल |
| प्रदेश नं .१ | | | | | | | | | |
| १५ वर्ष माथिको जनसंख्या | ९२७ | १,१९७ | २,१२४ | ६७१ | ७६० | १४३२ | १५९८ | १९५७ | ३५५६ |
| श्रम शक्ति | ५२० | ३४१ | ८६१ | ३२३ | १६१ | ४८४ | ८४२ | ५०२ | १३४४ |
| रोजगार | ४७५ | २९४ | ७६९ | २९१ | १४८ | ४३९ | ७६६ | ४४२ | १२०८ |
| बेरोजगार | ४५ | ४७ | ९२ | ३२ | १३ | ४४ | ७७ | ६० | १३६ |

| प्रदेश नं .१ नेपाल | शहर | | | गाउँ | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल |
| श्रम शक्ति बाहिर | ४०७ | ८५६ | १,१६३ | ३४९ | ५९९ | ९४८ | ७५६ | १४५६ | २२११ |
| बेरोजगार दर | ८.६ | १३.९ | १०.७ | ९.९ | ७.८ | ९.२ | ९.१ | ११.९ | १०.२ |
| रोजगार जनसङ्ख्या अनुपात | ५१.२ | २४.५ | ३६.२ | ४३.३ | १९.५ | ३०.७ | ४७.९ | २२.६ | ३४.० |
| श्रमशक्ति सहभागिता दर | ५६.१ | २८.५ | ४०.५ | ४८.१ | २१.२ | ३३.८ | ५२.७ | २५.६ | ३७.८ |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८

## युवा जनसंख्याको रोजगारीको स्थितिः

४.१४ नेपालमा हाल युवा जनसंख्याको हिस्सा ठूलो रहेको अवस्था छ । त्यसैले, जनसंख्या अध्ययनमा प्रयुक्त युवा अर्थात् १५-२४ उमेर समूहमा रहेको जनसंख्या तथा त्यो उमेर समूहको श्रम सहभागिताको स्थिति छुट्टै अध्ययन गरिएको छ । नेपाल तथा प्रदेश नं. १ का शहर तथा गाउँ दुबैमा १५-२४ वर्षका युवाहरूमा पुरुषको तुलनामा महिलाको संख्या ठूलो रहेको छ । पुरुषको अन्तर्राष्ट्रिय बसाइँसराइले युवा उमेर समूहमा पनि महिलाभन्दा पुरुषको संख्या कम भएको तथ्य नकार्न मिल्दैन । नेपालको शहरको कुल युवा पुरुषको १५.६ प्रतिशत र गाउँको कुल युवा पुरुषको १९.८ प्रतिशत प्रदेश नं. १ मा रहेका छन् । त्यसैगरी महिलाको हकमा नेपालको शहरको कुल युवा महिलाको १६.१ प्रतिशत र गाउँको कुल युवा महिलाको १४.६ प्रतिशत प्रदेश नं. १ मा रहेका छन् ।

तालिका ४.५ : वासस्थान अनुसार नेपाल र प्रदेश नं. १ को १५-२४ वर्षका युवा श्रमशक्तिको अवस्था (जनसंख्या हजारमा)

| क्षेत्र | रोजगार | बेरोजगार | श्रमशक्ति बाहिर | जम्मा जनसंख्या | श्रमशक्तिको प्रतिशत | रोजगारी दर (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| प्रदेश नं .१ | २१८ | ५० | ६२९ | ८९७ | २९.९ | ८१.३ |
| शहर | १४० | ३७ | ३६५ | ५४२ | ३२.७ | ७९.१ |
| गाउँ | २६३ | | | ३५४ | २५.७ | ८५.७ |
| नेपाल | १,२७३ | ३४६ | ४,०३५ | ५,६५४ | २८.६ | ७८.६ |
| शहर | ८८४ | २४६ | २,५८८ | ३,७१८ | ३०.४ | ७८.२ |
| गाउँ | ३८९ | १०० | १,४४७ | १,९३६ | २५.३ | ७९.६ |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८

४.१५ आर्थिक वर्ष २०७८/७९ को फाल्गुण सम्ममा प्रदेश नं. १ का १३५ स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रमवाट औषत रोजगार दिन ७५ बाट कुल रोजगारीमा २९ हजार १५२ व्यक्तिको संलग्नता मार्फत २ हजार ९४८ वटा आयोजना सम्पन्न भएको छ ।

तालिका ४.६ : आर्थिक वर्ष २०७८/७९ फाल्गुन मसान्त सम्म प्रधानमन्त्री रोजगार कर्यक्रम विवरण

| विवरण | स्थानीय तह | कार्यक्रम संचालन गरेको स्थानीय तह | आयोजना संख्या | रोजगारमा संलग्न व्यक्तिको संख्या | रोजगार औषत दिन | जम्मा रोजगार दिन |
|---|---|---|---|---|---|---|
| प्रदेश नं १ | १३७ | १३५ | २९४८ | २९१५२ | ७५ | २१९०६०६ |
| नेपाल | ७५३ | ७०८ | १६२१९ | १८१५७७ | ७६ | १३७५४३९१ |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७८

## वैदेशिक रोजगारीको अवस्थाः

४.१६ रोजगारीका लागि विदेश जानु नेपालको एक प्रमुख विशेषता भइसकेको छ । वैदेशिक रोजगारीमा रहेकाहरूको यकिन तथ्याङ्क उपलब्ध हुन् कठिन रहेको सन्दर्भमा विदेश जानकालागि श्रम स्वीकृति लिनेहरूको संख्यालाई विश्लेषण गरिएको छ । प्रदेश नं. १ का विभिन्न जिल्लाहरूबाट श्रम स्वीकृति लिनेहरूको संख्या तालिकामा देखाइएको छ । सन् २०१६/१७ मा जम्मा श्रम स्वीकृति लिनेहरूमध्ये प्रदेश नं. १ बाट २३ प्रतिशत रहेका छन् । त्यस अन्तरगत महिलाहरूमध्ये ३८ प्रतिशत र पुरुषहरूमध्ये २२.६ प्रतिशत रहेका छन् । जम्मा श्रम स्वीकृति लिनेहरूमध्ये महिलाहरूको अंश प्रदेश नं. १ मा ८.५ प्रतिशत रहेको छ जुन नेपालमा रहेको ५.३ प्रतिशत भन्दा बढी हो । प्रदेश नं. १ मा श्रम स्वीकृति लिने मध्ये महिलाको हिस्सा सबैभन्दा बढी भएको जिल्ला सोलुखुम्बु (२१प्रतिशत) हो भने सबैभन्दा कम भएको जिल्ला तेह्रथुम(४.७ प्रतिशत) हो।

तालिका ४.७ : प्रदेश नं. १ का जिल्लाहरूबाट २०१६/१७ मा श्रम स्वीकृति लिनेको विवरण

| जिल्ला | श्रम स्वीकृति लिनेको संख्या | | | श्रम स्वीकृति लिने मध्ये महिलाको प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| ताप्लेजुङ | २,६४६ | १५१ | २,७९७ | ५.४ |
| पाँचथर | ५,०४४ | ३७९ | ५,४२३ | ७.० |
| इलाम | ५,६२६ | ७१४ | ६,३४० | ११.३ |
| झापा | १४,९१७ | १,७१४ | १६,६३१ | १०.३ |
| मोरङ | १४,३४५ | ९९६ | १५,३४१ | ६.५ |
| सुनसरी | ९,९१८ | १,४५१ | ११,३६९ | १२.८ |
| धनकुटा | ३,८८६ | २६४ | ४,१५० | ६.४ |
| तेह्रथुम | २,४७९ | १२३ | २,६०२ | ४.७ |

| जिल्ला | श्रम स्वीकृति लिनेको संख्या | | | श्रम स्वीकृति लिने मध्ये महिलाको प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| संखुवासभा | ३,०४८ | २१७ | ३,२६५ | ६.६ |
| भोजपुर | ४,७६६ | ३२६ | ५,०९२ | ६.४ |
| सोलुखुम्बु | १,३२८ | ३५५ | १,६८३ | २१ |
| ओखलढुङ्गा | २,३०३ | २२१ | २,५२४ | ८.८ |
| खोटाङ | ५,९४९ | ३३० | ६,२७९ | ५.३ |
| उदयपुर | ५,७६० | ४२३ | ६,१८३ | ६.८ |
| प्रदेश नं. १ | ८२,०१५ | ७,६६४ | ८९,६७९ | ८.५ |
| नेपाल | ३,६२,७६६ | २०,१०५ | ३,८२,८७१ | ५.३ |
| प्रदेश नं. १ को अंश | २२.६ | ३८.१ | २३.४ | |

स्रोतः नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, २०१८, Labour migration for employment (status report for Nepal: 2015/16 and 2016/17).

### श्रम बजारका मुख्य सूचकहरुः

४.१७ प्रदेश तहका विभिन्न श्रम सूचक तालिकामा प्रस्तुत गरिएको छ । प्रदेश नं. १ को मुख्य श्रम बजार सूचकहरू अध्ययन गर्दा प्रदेश नं. १ मा काम गर्ने उमेरको जनसंख्या ३५ लाख ५६ हजार रहेको छ । प्रदेश नं. १ मा बेरोजगार दर १०.२ प्रतिशत रहेको छ । यसैगरी रोजगार र जनसंख्या अनुपात यो प्रदेशमा ३४ प्रतिशत छ । यसरी नै यस प्रदेशको श्रम शक्ति संलग्न दर ३७.८ प्रतिशत जुन नेपालको श्रम शक्ति संलग्न दर ३८.५ प्रतिशत भन्दा थोरै कम छ ।

तालिका ४.८ : प्रदेशगत रूपमा श्रम बजारका मुख्य सूचकहरू

| प्रदेश | जनसंख्या (हजारमा) | | | | | बेरोजगार दर | रोजगार र जनसंख्या (अनुपात) प्रतिशत | श्रमशक्ति संलग्न दर |
|---|---|---|---|---|---|---|---|---|
| | काम गर्ने उमेर समूहको जनसंख्या | रोजगार | बेरोजगार | श्रम शक्तिमा नभएका | श्रम शक्ति | | | |
| प्रदेश नं. १ | ३,५५६ | १,२०८ | १३६ | २,२११ | १,३४४ | १०.२ | ३४ | ३७.८ |
| नेपाल | २०,७४४ | ७,०८६ | ९०८ | १२,७५० | ७,९९४ | ११.४ | ३४.२ | ३८.५ |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८

### बाल श्रमको अवस्था

४.१८ बालबालिकाहरूलाई उनीहरूको बाल्यावस्था, शिक्षा, स्वास्थ्य, सुरक्षा र नैतिक विकासको अधिकारलाई वञ्चित गराउने जुनसुकै कार्य बाल श्रम हो । बाल श्रम सम्बन्धी प्रतिवेदन -

२०२१ ले राष्ट्रिय तथा प्रदेशस्तरमा बाल श्रमको अवस्था देखि लिएर खतरनाक पेशामा उनीहरुको संलग्नतालाई व्यापक रुपमा समेट्नुका साथै उमेर, लिंग, क्षेत्र, प्रदेशहरु साथै जातीय आधारमा छुट्याएर विश्लेषण गरेको छ ।

४.१९ प्रतिवेदनका अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेरका कुल ७० लाख बालबालिकाहरु मध्ये ११ लाख बालबालिका (१५.३ प्रतिशत) बाल श्रममा संलग्न रहेको छ जुन सन् २००८ (१६ लाख) को तुलनामा उल्लेखनीय गिरावट हो । त्यसैगरी ५ देखि १३ वर्ष उमेरका १८ प्रतिशत तथा १४ देखि १७ वर्ष उमेरका १० प्रतिशत बालबालिका बाल श्रममा रहेका छन् । उक्त प्रतिवेदन अनुसार प्रदेश नं. १ मा ५ देखि १७ वर्ष उमेरका कुल ११ लाख ५१ हजार बालबालिकाहरु मध्ये २ लाख ३ हजार बालबालिका (१७.६ प्रतिशत) बाल श्रममा संलग्न रहेका छन् ।

तालिका ४.९ : ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या (हजारमा) तथा प्रतिशत

| बालबालिका | | बाल श्रमिक | | बाल श्रमिक प्रतिशत | |
|---|---|---|---|---|---|
| नेपाल | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ |
| ७०७५ | ११५१ | १०८२ | २०३ | १५.३ | १७.६ |

श्रोत : बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

४.२० देश भरमा ५-१३ उमेर समूहका ८ लाख ४८ हजार बालबालिका मध्ये प्रदेश नं. १ मा १ लाख ४६ हजार रहेका छन् । यस्तै देश भरका १४-१७ उमेर समूहका १ लाख ४१ हजार बालबालिका मध्ये ५७ हजार बालबालिका प्रदेशमा रहेका छन् भने ५-१७ उमेर समूहका देश भरका ५ लाख ४ हजार बालबालिका मध्ये प्रदेशमा २ लाख ३ हजारको संख्यामा रहेका छन् ।

तालिका ४.१० : लिङ्ग एवं उमेरका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या (हजारमा) तथा प्रतिशत

| | लिङ्ग | उमेर समूह (५-१३) | उमेर समूह (१४-१७) | उमेर समूह (५-१७) | जम्मा बालवालिका (५-१७) |
|---|---|---|---|---|---|
| | | बाल श्रमिकको संख्या | | | |
| नेपाल | पुरुष | ३६३ | १४१ | ५०४ | ३६३२ |
| | महिला | ४८५ | ९३ | ५७८ | ३४४३ |
| | जम्मा | ८४८ | २३४ | १०८२ | ७०७५ |
| प्रदेश नं १ | पुरुष | ७० | ३७ | १०७ | ६०५ |
| | महिला | ७६ | २० | ९६ | ५४५ |
| | जम्मा | १४६ | ५७ | २०३ | ११५१ |

श्रोत : बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

तालिका ४.११: लिङ्ग, उमेर तथा क्षेत्रका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको संख्या (हजारमा)

| | लिङ्ग | उमेर समूह (५-१३) | | उमेर समूह (१४-१७) | | उमेर समूह (५-१७) | | जम्मा बालवालिका (५-१७) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शहरी | ग्रामिण | शहरी | ग्रामिण | शहरी | ग्रामिण | शहरी | ग्रामिण |
| नेपाल | पुरुष | १६३ | १९९ | ८३ | ५८ | २४६ | २५७ | २२४८ | १३८३ |
| | महिला | २२५ | २६० | ४९ | ४३ | २७४ | ३०३ | २०७२ | १३७१ |
| | जम्मा | ३८८ | ४५९ | १३२ | १०१ | ५२० | ५६० | ४३२० | २७५४ |
| प्रदेश नं. १ | पुरुष | २३ | ४७ | १९ | १७ | ४२ | ६५ | | |
| | महिला | २५ | ५१ | ११ | १० | ३५ | ६१ | | |
| | जम्मा | ४८ | ९८ | ३० | २७ | ७७ | १२६ | | |

श्रोत : बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

४.२१ श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्दै योगदान कर्तालाई सामाजिक सुरक्षा प्रदान गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिएको छ । सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन सामाजिक सुरक्षा सूचना प्रणाली कार्यान्वयन सँगै प्रदेश नं. १ मा आर्थिक वर्ष २०७५/७६ देखी चालु आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्त सम्म १ हजार ९९५ रोजगारदाता र ३२ हजार ३८९ योगदानकर्ता सूचिकृत भएका छन् ।

तालिका ४.१२ : सामाजिक सुरक्षा कोषमा आवद्ध भएका रोजगारदाता र योगदानकर्ता सम्वन्धी विवरण:

| विवरण | प्रदेश नं १ | नेपाल |
|---|---|---|
| सूचिकृत रोजगारदाता | | |
| २०७५/०७६ | २०७ | ३२६१ |
| २०७६/०७७ | १५८४ | ९२०२ |
| २०७७/०७८ | ६९ | २५०८ |
| २०७८/०७९ फागुनसम्म | १३५ | १९१६ |
| जम्मा | १९९५ | १६८८७ |
| सूचिकृत योगदानकर्ता | | |
| २०७५/०७६ | १०४६ | २४३३० |
| २०७६/०७७ | १५४५० | १३२७७२ |
| २०७७/०७८ | १२३४५ | ११६६६८ |
| २०७८/०७९ फागुनसम्म | ३५४८ | ४७०२४ |
| | ३२३८९ | ३२०७४४ |

स्रोत: श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## कृषि क्षेत्र

४.२२ कृषिको लागि प्रचुर सम्भावना बोकेको प्रदेश नं. १ का कुल जनसंख्या मध्ये २९ लाख ८३ हजार २१२ नागरिकहरु कृषि पेशामा आबद्ध रहेका छन् । जुन कुल जनसंख्याको ६० प्रतिशत हुन आउँछ । चालु आ.व. २०७८/७९ को चैत्र मसान्तसम्मको तथ्याङ्क अनुसार यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको (कृषि, पशुपन्छी र मत्स्य समेत) ३६ प्रतिशत योगदान रहेको छ ।

४.२३ यहाँ उत्पादन हुने प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य प्रदेश सरकारबाट अलग्गै निर्धारण नगरी संघीय सरकारले निर्धारण गरेको मूल्यलाई नै अवलम्वन गरिएको छ। जस अनुसार आ.व. २०७७/०७८ मा मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रु. २ हजार ७३५ कायम भएकोमा चालु आ.व. मा रु. २ हजार ७५२ कायम भएको छ। त्यस्तै मध्यम धानको प्रति क्वीन्टल मूल्य रु. २ हजार ८८५ रहेकोमा चालु वर्ष रु. २ हजार ९०२ कायम भएको छ। त्यस्तै आ.व. २०७७/०७८ मा गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रु. ३ हजार १११ कायम भएकोमा चालु आ.व. मा रु. ३ हजार १६५ कायम भएको छ।

४.२४ यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत आ.व २०७७/७८ देखि ६१ वटा व्लक निरन्तर र चालु आ.व. २०७८/७९ मा ७७ वटा ब्लक थप भएका छन् । २६ वटा जोन र १ वटा सुपरजोन रहेका छन् । यस प्रदेशमा मुख्यगरी धान, मकै, गहुँ, आलु, अदुवा, अलैंची, च्याउ जस्ता प्रमुख खाद्यान्न र नगदे वाली उत्पादन हुन्छ ।

तालिका ४.१३ : आ.व २०७७/७८ प्रमुख खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व

| बाली | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
|---|---|---|
| धान | १५९४०६४ | ४.०८ |
| मकै | ८९४४४७ | २.९८ |
| गहुँ | १५१००० | २.९८ |
| तरकारी | ७७२९२४ | १५.३३ |
| फलफूल | १८४१६६ | ९.३६ |
| आलु | ९७४५६६ | १४.६७ |
| अलैंची | ७४४० | ०.५३ |
| दलहन | ४५७५५ | १.१६ |
| तेलहन | ५०३५६ | १.१८ |

(स्रोत: कृषि मन्त्रालय, प्रदेश नं. १)

तालिका ४.१४ : चालु आ.व २०७८/७९ प्रमुख खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व प्रक्षेपण

| बाली | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
|---|---|---|
| धान | १५५६१७५ | ३.९४ |
| मकै | ८९८४५६ | ३ |
| गहुँ | १४८९१७ | २.४८ |
| तरकारी | ७९६११२ | १५.८८ |
| फलफूल | १८९०३० | ९.९४ |
| आलु | १००३८०३ | १४.९८ |
| अलैंची | ७७२२ | ०.५१ |
| दलहन | ४६१२२ | १.१८ |
| तेलहन | ५२८७४ | १.२१ |

(स्रोतः कृषि मन्त्रालय, प्रदेश नं. १)

चार्ट ४.१ : प्रदेश १ मा उत्पादन हुने प्रमुख खाद्यान्न बालीको अवस्था




४.२५ माथिको स्तम्भचित्रले प्रदेश नं. १ मा आर्थिक वर्ष २०७७/०७८ र चालु आर्थिक वर्ष २०७८/०७९ को चैत्र मसान्तसम्म हुने प्रक्षेपित उत्पादनलाई तुलना गरेको छ। स्तम्भचित्र अनुसार आ.व. २०७७/०७८ मा सवैभन्दा वढी उत्पादन धानको भएको छ। त्यस्तै दोश्रो र तेश्रो प्रमुख उत्पादन आलु र मकैको भएको देखिन्छ। गत वर्षको तुलनामा चालु आर्थिक वर्ष २०७८/०७९ मा मकै, गहुँ, तरकारी, फलफुल, आलु, दलहन र तेलहनमा वृद्धि हुने बाँकी धान र अलैंचीमा उत्पादनमा ह्रास आउने अनुमान गरिएको छ।

## खाद्यान्न बालीको प्रदेशगत उत्पादन स्थिति

४.२६ आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ मा सबैंभन्दा बढी खाद्यान्नमा धान बालीको कुल उत्पादन १५ लाख ९४ हजार ६४ मेट्रिक टन रहेको र चालु आ.व. ०७८/७९ मा प्रदेश नं. १ को १५ लाख ५६ हजार १ सय ७५ हुने प्रक्षेपण रहेको छ।

## कृषि उत्पादनको जिल्लागत विभाजन

४.२७ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले प्रदेश नं. १ का विभिन्न जिल्लालाई उत्पादन सम्भाव्यता र क्षमताको आधारमा जोन, सुपरजोन आदिको रुपमा विकास गरी कृषि क्षेत्रको विकास र विस्तारकोलागि प्रयास गरिरहेको छ।यस प्रदेशमा झापा जिल्लालाई धान खेतीको सुपरजोनको रूपमा विकास गर्नका लागि आवश्यक लगानी भैरहेको छ। त्यस्तै अलैंची उत्पादनको लागि पाँचथर, ताप्लेजुङ, तेह्रथुम, भोजपुर तथा संखुवासभा जिल्लालाई अलैंची जोनको रुपमा विकास गरिएको छ ।

तालिका ४.१५ : प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतका पकेट, ब्लक, जोन र सुपरजोनको विवरणः

| क्रसं. | परियोजना कार्यान्वयन एकाइको नाम | आ.व. २०७८/७९ को पकेटको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ पकेट | | | गत आ को निरन्तरता.व.पकेट | | | कुल पकेट संख्या | | |
| | | कृषि तर्फ | पशु तर्फ | जम्मा | कृषि तर्फ | पशु तर्फ | जम्मा | कृषि तर्फ | पशु तर्फ | जम्मा |
| १ | झापा | १५ | २ | १७ | ३० | १८ | ४८ | ४५ | २० | ६५ |
| २ | ताप्लेजुङ | ९ | २ | ११ | १८ | १२ | ३० | २७ | १४ | ४१ |
| ३ | पाँचथर | ८ | ० | ८ | १६ | ८ | २४ | २४ | ८ | ३२ |
| ४ | मोरङ | १८ | ३ | २१ | ३४ | २१ | ५५ | ५२ | २४ | ७६ |
| ५ | सुनसरी | १२ | ४ | १६ | २४ | १२ | ३६ | ३६ | १६ | ५२ |
| ६ | धनकुटा | ७ | ३ | १० | १४ | ९ | २३ | २१ | १२ | ३३ |
| ७ | तेह्रथुम | ६ | ० | ६ | १२ | ६ | १८ | १८ | ६ | २४ |
| ८ | सखुवासभा | १० | ४ | १४ | २० | ११ | ३१ | ३० | १५ | ४५ |
| ९ | भोजपुर | ९ | २ | ११ | १८ | १० | २८ | २७ | १२ | ३९ |
| १० | सोलुखुम्वु | ८ | ७ | १५ | १६ | ९ | २५ | २४ | १६ | ४० |
| ११ | ओखलढुंगा | ८ | ३ | ११ | १६ | ८ | २४ | २४ | ११ | ३५ |
| १२ | खोटाङ | १० | २ | १२ | २० | १२ | ३२ | ३० | १४ | ४४ |
| १३ | इलाम | १० | १ | ११ | २० | १० | ३० | ३० | ११ | ४१ |
| १४ | उदयपुर | ८ | २ | १० | १६ | १२ | २८ | २४ | १४ | ३८ |
| जम्मा | | १३८ | ३५ | १७३ | २७४ | १५८ | ४३२ | ४१२ | १९३ | ६०५ |

*स्रोतः कृषि मन्त्रालय, प्रदेश नं १*

तालिका ४.१६ : व्लकको विवरण:

| क्र.स. | जिल्ला | आ .व.२०७७/७८ मा संचालनमा भएका पुरानो व्लक | | | आ.व. २०७८/७९ मा संचालनमा आएका नयाँ व्लक | | |
|---|---|---|---|---|---|---|---|
| | | कृषि तर्फ | पशु तर्फ | जम्मा | कृषि तर्फ | पशु तर्फ | जम्मा |
| १ | झापा | ८ | ३ | ११ | ३ | ३ | ६ |
| २ | सुनसरी | ५ | २ | ७ | ३ | २ | ५ |
| ३ | मोरङ्ग | ७ | ५ | १२ | ६ | २ | ८ |
| ४ | उदयपुर | ४ | ३ | ७ | ५ | ३ | ८ |
| ५ | ईलाम | ३ | १ | ४ | २ | ३ | ५ |
| ६ | पाँचथर | २ | १ | ३ | ३ | २ | ५ |
| ७ | ताप्लेजुङ्ग | २ | १ | ३ | ३ | ३ | ६ |
| ८ | धनकुटा | ७ | २ | ९ | ३ | २ | ५ |
| ९ | तेहथुम | ४ | १ | ५ | १ | ३ | ४ |
| १० | भोजपुर | ७ | २ | ९ | ३ | २ | ५ |
| ११ | खोटाङ्ग | ४ | ० | ४ | ३ | २ | ५ |
| १२ | ओखलढुगां | ४ | १ | ५ | ३ | ३ | ६ |
| १३ | संखुवासभा | ९ | २ | ११ | २ | २ | ४ |
| १४ | सोलुखुम्बु | ४ | ३ | ७ | ३ | २ | ५ |
| जम्मा | | ७० | २७ | ९७ | ४३ | ३४ | ७७ |

*स्रोत: कृषि मन्त्रालय, प्रदेश नं १*

तालिका ४.१७ : जिल्लागत रुपमा जोन तथा सुपरजोनको विवरण

| जिल्ला | बाली | क्षेत्र |
|---|---|---|
| झापा | धान | सुपरजोन |
| | रवर, सुपारी, मकै | जोन |
| इलाम | किवी, गाई | जोन |
| पाँचथर | अलैंची | जोन |
| ताप्लेजुङ | अलैंची | जोन |
| मोरङ | धान, माछा | जोन |
| सुनसरी | अदुवा/वेसार, तरकारी, माछा, धान, वंगुर | जोन |
| धनकुटा | तरकारी | जोन |
| तेहथुम | अलैंची | जोन |
| भोजपुर | अलैंची | जोन |
| सखुवासभा | अलैंची | जोन |
| उदयपुर | सुन्तलाजात फलफुल, अदुवा/वेसार, वहुवाली) धान,मकै आलु( | जोन |
| ओखलढुंगा | आलु | जोन |
| खोटाङ | मकै/मकै वीउ | जोन |
| सोलुखुम्वु | सुन्तलाजात फलफुल,अदुवा/वेसार,किवी | जोन |

*स्रोत: कृषि मन्त्रालय, प्रदेश नं १*

## राष्ट्रिय उत्पादनमा प्रदेशको योगदान

४.२८ राष्ट्रिय उत्पादनमा प्रदेशको योगदानलाई विश्लेषण गर्दा अलैंची उत्पादनमा सबै भन्दा बढी ९४.२ प्रतिशत रहेको छ । बालीगत रूपमा राष्ट्रिय उत्पादनमा प्रदेशको योगदानलाई तपसिलको तालिकाबाट थप प्रष्ट पारिएको छ।

तालिका ४.१८ : राष्ट्रिय उत्पादनमा प्रदेशको योगदान (सन् २०१६/१७)

| मकै | धान | गहुँ | आलु | अलैंची | अदुवा | दुध |
|---|---|---|---|---|---|---|
| २८.३ | २१.५ | १०.२ | ३३.१ | ९४.२ | ३४.८ | २०.७ |

(स्रोत: कृषी विकास मन्त्रालय, २०१८ )

## वन

४.२९ "हरियो वन नेपालको धन" उखानले नै नेपाल प्राचीन समयबाट नै वनसम्पदामा धनी रहेको बुझिन्छ। पछिल्लो तथ्याङ्कअनुसार नेपालमा करिव ४४.७४ प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ।त्यस्तै प्रदेश १ ले नेपालको कुल वन क्षेत्रफलको १७.१६ प्रतिशत क्षेत्रफल ओगटेको छ। साथै प्रदेशको कुल भूभागको ४३.७८ प्रतिशत बन क्षेत्रले ओगटेको छ । राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी वन गरी विभिन्न प्रकारहरु वनहरु रहेका छन्। त्यस्तै राज्यले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र स्थापना गरी वन क्षेत्रको संरक्षण गर्ने प्रयास गरेको छ।

४.३० प्रदेश नं. १ मा आ.व. २०७७/०७८ को तथ्याङ्क अनुसार कुल ११ लाख ३४ हजार २५० हेक्टर वन क्षेत्र रहेको छ। सो मध्ये ४ लाख २४ हजार ७१४.४४ हेक्टर सामुदायिक वन क्षेत्र रहेको छ जसमा ५ लाख ३४ हजार ३९० घरधुरी संलग्न रहेका छन् र ३ हजार ५७५ वटा समूहहरु यसमा संलग्न रहेका छन्।

तालिका ४.१९ : प्रदेश नं. १ मा अवस्थित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रहरु

| क्र.सं. | निकुञ्ज तथा आरक्ष | स्थापना (बि.सं.) | क्षेत्रफल (Sq.km) | अवस्थित जिल्ला |
|---|---|---|---|---|
| १ | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३३ | ११४८ | सोलुखुम्वु |
| २ | मकालु बरुण राष्ट्रिय निकुञ्ज | २०४९ | १५०० | सोलुखुम्बु र संखुवासभा |
| ३ | कोशी टप्पु बन्य जन्तु आरक्ष | २०३२ | १७५ | सुनसरी, सप्तरी, उदयपुर |
| ४ | कञ्चनजंघा संरक्षण क्षेत्र | २०५४ | २०३५ | ताप्लेजुङ |

(स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग)

तालिका ४.२० : प्रदेशगत वन क्षेत्रको स्थिति

| प्रदेशको नाम | प्रदेशको क्षेत्रफल (हेक्टर) | वन क्षेत्र (हेक्टर) | नेपालको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत) | प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| प्रदेश नं१ . | २५९०५०० | ११३४२५० | १७.१६ | ४३.७८ |
| नेपालको जम्मा | १४७५१६०० | ६६०९९४० | १०० | ४४.७४ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८

४.३१ नेपालको कुल वन क्षेत्रमा प्रदेश नं. १ को हिस्सा १७.१६ प्रतिशत रहेको स्थिति छ। जुन प्रदेशको कुल भूभागको तुलनामा ४३.७८ प्रतिशत हुन आउँछ।

४.३२ प्रदेश नं. १ को १३ सहित नेपालका जम्मा १ सय ६ स्थानीय तहमा वन क्षेत्र रहेको छैन। स्थानीय तहको तथ्याङ्क हेर्दा गाउँपालिकाको तुलनामा समग्रमा नगरपालिकाहरूमा वन क्षेत्र वढी रहेको छ।

तालिका ४.२१ स्थानीय तहको वन क्षेत्रको स्थिति (प्रतिशत)

| स्थानीय तह | प्रदेश नं१ . |
|---|---|
| गाउँपालिका | १८.१ |
| नगरपालिका | १८.४ |
| उपमहानगरपालिका- | १४.६ |
| महानगरपालिका | ० |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८

## भूमिसुधार

४.३३ यस प्रदेशमा भूमिसुधार तथा मालपोत कार्यालय र मालपोत कार्यालय गरी २५ वटा कार्यालय रहेका छन्। सबै मालपोत कार्यालयहरुले जग्गा प्रशासन सम्बन्धी कार्य अनलाइन प्रविधिबाट कार्यसम्पादन गरिरहेका छन् ।

## सिंचाई

प्रदेश नं. १ मा कृषि उत्पादन वृद्धिका लागि सिंचाई सुविधा उपलब्ध गराउन मन्त्रालयबाट भएको प्रयास स्वरुप पछिल्ला २ आर्थिक वर्षको सिंचाई सुविधाको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ४.२२ सिंचाइ अवस्था

| विवरण | २०७७/७८ (हेक्टर) | २०७८/७९ (हेक्टर) |
|---|---|---|
| सतह सिंचाई | ७७६ | ३४८ |
| भूमिगत सिंचाई | ३२७ | १४५ |
| पुर्नस्थापना | ७२७० | १९५० |
| SIP पुर्नस्थापना | २५११ | ९०० |

खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय, प्रदेश नं. १

४.३४ प्रदेशमा रहेको जिल्लागत सिंचाई सुविधाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.२३ जिल्लागत रुपमा सिंचाई सुविधाको अवस्था

| | Command Area (Ha.) | |
|---|---|---|
| जिल्ला | GCA (Gross Command Area) | CCA (Culturable Command Area) |
| ताप्लेजुङ | ३४१ | २७८ |
| पाँचथर | १५०८ | १५८५ |
| इलाम | ३५९२ | ४७८३ |
| संखुवासभा | १६३०.२ | ८४० |
| तेह्रथुम | ८२३० | ३९५४ |
| धनकुटा | २२३७ | १५०२ |
| भोजपुर | ७८७२ | ४७८५.५ |
| खोटाङ | २५१४.५ | १८७४ |
| सोलुखुम्बू | १३०१ | १०३६ |
| ओखलढुङ्गा | ९४७.९२ | ८६५.७५ |
| उदयपुर | ४४४५ | ३३०६ |
| झापा | २५५६३ | २२०९० |
| सुनसरी | ९८५६ | ७८४२ |
| मोरङ | ५९७६५ | ८२०३.४ |

(स्रोत:भौतिक पूर्वाधार विकास मन्त्रालय, २०७८)

४.३५ माथि उल्लेखित तालिका अनुसार प्रदेश नं. १ का १४ जिल्लाहरु मध्ये GCA मा आधारमा सवैभन्दा वढी सिंचाई सुविधा मोरङ जिल्लामा पुगेको देखिन्छ भने CCA को आधारमा झापा सवैभन्दा अगाडि रहेको देखिन्छ। त्यस्तै सवैभन्दा थोरै सिंचाई सुविधा ताप्लेजुङ जिल्लामा रहेको देखिन्छ।कृषिप्रधान मुलुकमा कृषि क्षेत्रको उत्पादन वृद्धि गर्नका लागि सिंचाई सुविधामा थप विस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ।

चार्ट नं. ४.२ जिल्लागत रुपमा सिंचाई सुविधाको अवस्था




४.३६ माथिको स्तम्भचित्रले प्रदेश नं. १ मा सिंचाई सुविधाको अवस्थालाई देखाएको छ। जसअनुसार कुल सिंचाई सुविधामा मोरङ र खेतीयोग्य जमिनमा सिंचाई सुविधाको उपलब्धताको आधारमा झापा जिल्लामा सवैभन्दा धेरै सिंचाई सुविधा पुगेको देखिएको छ । त्यस्तै सवैभन्दा न्यूनतम सिंचाई सुविधा ताप्लेजुङ जिल्लामा रहेको देखिएको छ।

## उद्योग

४.३७ नेपालमा औद्योगिक विकासको सुरुवात विराटनगर जुट मिलको स्थापना संगै भएको हो । उक्त जुट मिल प्रदेश नं. १ को राजधानीमा रहेको छ । नेपालको उद्योगमा भएको जम्मा लगानीको २० प्रतिशत लगानी प्रदेश नं. १ मा रहेका उद्योगहरुमा भएको छ। नेपालका कुल उद्योगहरुको ९.४ प्रतिशत उद्योगहरु प्रदेश नं. १ मा छन् भने यी उद्योगहरुमा सृजित रोजगारीको अशं नेपालका सम्पूर्ण उद्योगहरुमा उपलब्ध रोजगारीको १३ प्रतिशत रहेको छ। यस प्रदेशमा रहेका सम्पूर्ण उद्योगहरु मध्ये दुई तिहाई भन्दा वढी उद्योगहरु झापा, मोरङ र सुनसरी जिल्लामा मात्र रहेका छन्।

४.३८ लघु, घरेलु र साना उद्योग भन्नाले **"प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७"** बमोजिमका उद्योगलाई जनाउँछ ।

तालिका ४.२४ : प्रदेशमा रहेका साना, मझौला र ठुला उद्योगको संख्या

| विवरण | साना | मझौला | ठूला | जम्मा |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ६६ | ४३ | २५ | १३४ |
| नेपाल | ४४९९ | ५६६ | ३२० | ५३८५ |

(स्रोत:उद्योग विभाग)

४.३९ चालु आ.व. मा प्रदेश नं. १ मा साना उद्योग ६६ वटा दर्ता भएका छन् । मुलुकमा उक्त अवधिमा दर्ता भएका उद्योगहरुको संख्याको तुलनामा १.४ प्रतिशत हो, त्यसैगरी मझौला उद्योग दर्ताको अवस्था ७.५९ प्रतिशत र ठूला उद्योग ७.८१ प्रतिशत रहेको देखिन्छ।

४.४० प्रदेश नं. १ को धनकुटा जिल्लामा औद्योगिक ग्राम निर्माणाधीन अवस्थामा रहेको छ । प्रदेश नं. १ अन्तरगतका धरान उप-महानगरपालिका, वेलका नगरपालिका सहित विभिन्न ११ स्थानीय तहमा औद्योगिक ग्राम रहेका छन्। प्रदेश नं. १ मा संघीय सरकार अन्तरगतको सुनसरी-मोरङ औद्योगिक करिडोर तथा धरान औद्योगिक क्षेत्र, दमक औद्योगिक पार्क रहेको भए तापनि प्रदेश सरकार अन्तरगत कुनै पनि औद्योगिक क्षेत्रहरु हालसम्म रहेका छैनन्।

४.४१ प्रदेश नं. १ का घरेलु तथा साना उद्योग कार्यालयहरुबाट आ.व. २०७७/०७८ मा जम्मा ५ हजार ९ सय ८१ व्यवसाय दर्ता भएकोमा चालु आ.व. २०७८/०७९ को चैत्र मसान्तसम्म जम्मा ३ हजार ५ सय १९ व्यवसाय दर्ता भएका छन्।

४.४२ प्रदेश सरकार अन्तरगतका निकायहरुले आ.व. २०७७/०७८ मा २८२ पटक बजार अनुगमन गरिएकोमा चालु आ.व. २०७८/०७९ को चैत्र मसान्तसम्ममा ३९६ पटक बजार अनुगमन गरिएको छ।

४.४३ आ.व. २०७७/०७८ फागुनसम्ममा उद्योगमा भएको लगानी मध्ये प्रदेश नं. १ मा रु. ५ खर्ब १७ अर्ब २४ करोड लगानी भएको छ । चालु आ.व.को सोही अवधीमा लगानी वृद्धि भई ५ खर्व ५५ अर्व ५९ करोड पुगेको छ। तुलनात्मक रुपमा उद्योगमा लगानी क्रमशः वृद्धि भएको छ ।

तालिका ४.२५ : प्रदेश नं. १ को उद्योग दर्ताको अवस्था

| आ.व. | उद्योग दर्ताको संख्या (लघु, घरेलु तथा साना उद्योग) | प्रस्तावित रोजगारी संख्या |
|---|---|---|
| २०७७ फाल्गुन मसान्त | ६३२९० | ४०६९८९ |
| २०७८ फाल्गुन मसान्त | ७६०५९ | ४२३७७९ |

(स्रोत:उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय)

४.४४ चालु आ.व. को फाल्गुन मसान्त सम्म प्रदेश नं. १ भित्र लघु, घरेलु तथा साना उद्योग गरी जम्मा ७६ हजार ५९ वटा उद्योगहरु दर्ता भएका छन् । जुन गत वर्षको सोहि अवधिको तुलनामा २० प्रतिशत भन्दा वढी हो। त्यसैगरी उद्योगहरुले सिर्जना गर्ने रोजगारीको संख्यामा भने ४ प्रतिशत बढोत्तरी भएको देखिन्छ।यसरी हेर्दा उद्योगहरुको संख्यामा उल्लेखनीय वृद्धि भएता पनि त्यसबाट सिर्जना हुने रोजगारीका अवसर थप वृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ।

तालिका ४.२६ : प्रदेश नं. १ मा दर्ता भएका कम्पनीहरुको तुलनात्मक विवरण

| आ.व. | कम्पनीको संख्या | | जम्मा | प्रदेश नं. १ को अंश |
|---|---|---|---|---|
| २०७७ | १८७३७ | | २५६४९३ | ७.३ |
| २०७८ | २०८३७ | | २८३३५८ | ७.४ |

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०७८

४.४५ विगत वर्षमा प्रदेश नं. १ मा कुल १८ हजार ७३७ कम्पनीहरु दर्ता भएकामा त्यो संख्या चालु आ.व. को सोही अवधिमा ११ प्रतिशतले वढेर २० हजार ८३७ पुगेको छ । जुन संख्या नेपालभरमा दर्ता भएका कम्पनीका संख्यामा ७.४ प्रतिशत हुन आउँछ।

४.४६ प्रदेश नं १ मा कुल निजी क्षेत्रका प्रतिष्ठान १ लाख ६८ हजार ५१८ रहेका छन् । उक्त प्रतिष्ठानहरु मुलुकको कुल प्रतिष्ठान संख्याको १८.२५ प्रतिशत हुन्छ ।

तालिका ४.२७ : प्रदेश नं १ मा निजी क्षेत्रका प्रतिष्ठानको विवरण

| विवरण | प्रतिष्ठान | हिस्सा प्रतिशत |
|---|---|---|
| प्रदेश नं १ | १६८५१८ | १८.२५ |
| कुल (नेपाल) | ९२३३५६ | १०० |

स्रोतः राष्ट्रिय आर्थिक गणना २०७५

४.४७ प्रदेश नं १ मा निजी क्षेत्रका प्रतिष्ठानमा आबद्ध जनशक्ति कुल ५ लाख ४४ हजार ७९ मध्ये ५९.५६ प्रतिशत पुरुष र ४०.४४ प्रतिशत महिला रहेको छ ।

तालिका ४.२८ : निजी क्षेत्रका प्रतिष्ठानमा आबद्ध जनशक्तिको विवरण

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| **प्रदेश नं १** | ३२४०३७ | २२००४२ | ५४४०७९ |
| **नेपाल** | २०१२२३७ | १२१६२२० | ३२२८४५७ |

स्रोतः राष्ट्रिय आर्थिक गणना २०७५

## पर्यटन

४.४८ विश्वकै सर्वोच्च शिखर सगरमाथा देखि विश्वकै सवैभन्दा गहिरो उपत्यका अरुण उपत्यका सम्म प्रदेश नं १ मा रहेकाले प्रचुर पर्यटकीय सम्भाव्यता रहेको पाइन्छ । ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमालहरु यसै प्रदेशमा रहेका छन्।३२ प्रकारका लालीगुँरास पाइने तीनजुरे-मिल्के-जलजले क्षेत्र, दुर्लभ अर्नाको वासस्थान रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष, रेड पाण्डाको वासस्थान र चियाको राजधानी इलाम, बराहक्षेत्र, हलेसी र पाथीभरा लगायतका धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाले समेत यस प्रदेशलाई पर्यटनको प्रमुख गन्तव्यको रुपमा स्थापित गर्न मद्दत गरेका छन्।

४.४९ प्रदेश नं. १ को कुल ग्रार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान २ प्रतिशत रहेको छ।

४.५० पर्यटन क्षेत्रबाट प्रदेश नं. १ मा ३२ हजार रोजगारी सिर्जना भएको छ।

तालिका ४.२९ : संघीय सरकारले प्रवर्द्धन गरेका प्रमुख १०० गन्तव्यमध्येका प्रदेश नं. १ मा रहेका १६ गन्तव्यहरु

| जिल्ला | गन्तव्य |
|---|---|
| ताप्लेजुङ | तिङ्बुङ पोखरी |
| पाँचथर | गुरु फाल्गुनन्द सर्किट(नाम्बाचुकी-लाराम्मा-गजुरमुखीधाम-लोत्रे कुटी) |
| इलाम | फिक्कलश्रीअन्तु सर्किट-कन्याम- |
| झापा | शहिद नेत्रलाल पार्क ,गौरादह कृषि पर्यटन क्षेत्र ,अर्जुनधारा पर्यटकीय क्षेत्र |
| संखुवासभा | बालेश्वर ऐतिहासिक गुफा |
| भोजपुर | टयाम्के डाँडा(मुन्धुम ट्रेल) |
| तेह्रथुम | तिनजुरेजलजले-मिल्के- |
| धनकुटा | हलदे पटके डाँडा पर्यटक ट्रेल |
| सुनसरी | पिण्डेश्वर दन्तकाली पदमार्ग |
| मोरङ | धनपालगडी पर्यटकिय क्षेत्र |
| सोलुखुम्बु | पाँचपोखरी |
| ओखलढुङ्गा | थोलेदम्बा डाँडा |
| खोटाङ्ग | बराह पोखरी |
| उदयपुर | उदयपुरगढी |

(स्रोत:संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय)

## प्रदेश नं. १ मा रहेका पर्यटनसँग सम्बन्धित अन्य विवरणहरु

४.५१ प्रदेश नं. १ मा ४ वटा तारे स्तरका होटलहरु रहेका छन्। पर्यटकीय स्तरको होटलको संख्या २८ रहेको छ।

४.५२ प्रदेश नं. १ मा दर्ता भएका ९० वटा ट्राभल तथा ट्रेकिङ एजेन्सीले पर्यटकहरुलाई विभिन्न पर्यटकीय सेवा उपलव्ध गराइरहेका छन्।

४.५३ यस प्रदेशका २८९ जना टुरगाइड र ८५ जना पोर्टर गाइडहरुले स्वदेश तथा विदेशबाट नेपालको भ्रमण गर्न आउने पर्यटकलाई पर्वतारोहण लगायतका विभिन्न प्रकारका पर्यटकीय सेवा प्रदान गरिरहेका छन्।

४.५४ प्रदेश नं. १ मा जलयात्राका लागि १७ जना रिभर गाइड रहेका छन्।

४.५५ प्रदेश नं. १ मा रहेका १५ वटा विमानस्थल मध्ये ९ वटा विमानस्थल नियमित सञ्चालनमा छन् । संघीय सरकार, प्रदेश सरकार र विराटनगर महानगरपालिकाको संयुक्त साझेदारीमा विराटनगर विमानस्थललाई क्षेत्रीय स्तरको विमानस्थलको रूपमा विकास गर्नकालागि आवश्यक जग्गा प्राप्ति लगायतका कार्यहरु कार्यान्वयनको चरणमा रहेको छ ।

४.५६ प्रदेश नं १ मा २ वटा प्रादेशिक पर्यटन कार्यालय रहेका छन् ।

## प्रदेश सरकार र पर्यटन तथा संस्कृति मन्त्रालयको पहलमा भएका कार्यहरु:

४.५७ भोजपुर र खोटाङ जिल्लाका क्रमशः ४ र २ स्थानीय तहमा प्रदेश सरकार र स्वीस सरकारको विकास र सहयोगका लागि स्वीस एजेन्सी (SDC) को साझेदारीमा आ.व. २०७७/७८ मा मुन्धुम पदमार्गको ८८ कि.मि. मध्ये ६२ कि.मि. को निर्माण कार्य सम्पन्न भएको छ । यस प्रदेशको ८ जिल्ला (इलाम, पाँचथर, संखुवासभा, तेह्रथुम, भोजपुर, खोटाङ्ग, उदयपुर र सुनसरी) का २९ वटा स्थानीय तहहरु समेट्ने गरी नेपाल सरकार, प्रदेश सरकार, सम्बन्धित स्थानीय तह र स्वीस सरकारको विकास र सहयोगका लागि स्वीस एजेन्सी (SDC) को साझेदारीमा २ अर्ब ५२ करोड २५ लाखको कुल लागतमा करीब ५०० कि.मि. पदमार्गमा आधारित पर्यटन विकास परियोजनाको बिस्तृत आयोजना प्रतिवेदन तयार भएको छ ।

## पर्यटन तथा संस्कृति मन्त्रालयवाट भएका नीतिगत पहलहरु:

४.५८ **पर्यटन विकास नियमावली, २०७७** र **होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७** लाई संशोधन गरी प्रक्रियागत सरलीकरण गरेको।

४.५९ **प्रज्ञा प्रतिष्ठान सम्बन्धी विधेयक, २०७८** प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गरी प्रदेश सभामा पेश गर्न प्रदेश सभा सचिवालयमा दर्ता गरेको ।

४.६० मुन्धुम पदमार्ग निर्माण तथा सञ्चालनमा तीव्रता दिइएको छ ।

## सडक, यातायात तथा सञ्चार

४.६१ प्रदेशको उच्च आर्थिक वृद्धि र तीव्र विकासका लागि भौतिक पूर्वाधार, यातायात तथा सञ्चार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ। गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापनले रोजगारी सिर्जना तथा गरिबी निवारणमा सहयोग पुऱ्याउँछ। प्रदेशका सबै जिल्ला सदरमुकाम

राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन् । सार्वजनिक यातायात सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सरकारको स्रोतमा प्रादेशिक सडकहरु तथा नेपाल सरकारसँगको सहकार्यमा राष्ट्रिय राजमार्गको साथै शहरी सडकहरू विस्तारको कार्य तीव्र रूपमा भइरहेको छ। प्रदेश भित्र सञ्चालन हुने आन्तरिक विमानस्थलको सङ्ख्या १५ पुगेको छ।

४.६२ राष्ट्रिय योजना आयोगले निर्धारण गरेका राष्ट्रिय गौरवका २१ वटा योजनाहरु मध्ये उत्तर दक्षिण कोशी कोरिडोर आयोजना यसै प्रदेशमा पर्दछ भने यस बाहेक मध्य पहाडी राजमार्ग, पूर्व पश्चिम रेलवे, हुलाकी लोक मार्ग यस प्रदेशमा पर्दछ ।

## भौतिक पूर्वाधार र यातायात

### सडक यातायात

४.६३ २०७८ फागुनसम्म प्रदेश नं. १ मा प्रादेशिक तथा स्थानीयस्तरका सडक सञ्जाल कच्ची, खण्डस्मित र कालोपत्रे गरी १३ हजार १ सय २९ किलोमिटर पुगेको छ। जसमा धुले/कच्ची ९६९५ कि.मि., ग्रावेल २५८८ कि.मि. र कालोपत्रे ८४६ कि.मि. रहेको छ । नेपालको कुल सडकमध्ये प्रदेश नं. १ मा २०.३२ प्रतिशत रहेको छ । सडक घनत्व ०.५१ कि.मि. प्रति वर्ग कि.मि रहेको छ।

तालिका ४.३० : प्रादेशिक र स्थानीय सडक सञ्जालको प्रदेशगत सडकको विवरण (किलोमिटरमा)

| प्रदेश | धुलो/कच्ची | ग्रावेल | कालोपत्रे | जम्मा सडक | प्रदेशको अंश (प्रतिशत) | सडक घनत्व (कि.मी. प्रति वर्ग कि.मी) |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ९,६९५ | २,५८८ | ८४६ | १३,१२९ | २०.३२ | ०.५१ |
| नेपाल | ४६,४४१ | १३,६२९ | ४,५४७ | ६४,६१७ | १००.०० | ०.४४ |

स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

चार्ट ४.३ : प्रदेशगत सडकको स्थिति (किलोमिटरमा)




स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

तालिका ४.३१ : जम्मा सडक सञ्जाल मध्ये प्रादेशिक र स्थानीय सडकको विभाजन विवरण (किलोमिटरमा

| सडक/प्रदेश | प्रदेश नं. १ |
|---|---|
| प्रादेशिक | ६,३५० |
| स्थानीय | ६,७७९ |
| जम्मा | १३,१२९ |

चार्ट ४.४ : प्रादेशिक तथा स्थानीय सडकको स्थिति (किलोमिटरमा)




स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

४.६४ २०७८ फागुन मसान्तसम्म प्रदेश नं. १ का १३७ स्थानीय तह मध्ये २ स्थानीय तह राष्ट्रिय सडक सञ्जालसँग जोडिन सकेका छैनन् ।

तालिका ४.३२ : स्थानीय तहको केन्द्रसम्म सडक पहुँचको अवस्था

| प्रदेश | स्थानीय तह | सडकको पहुँच नपुगेको | | सडक पुगेको तर पक्की हुन बाँकी | | जम्मा सडक (मि.कि) |
|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | सडकको लम्बाई (मि.कि) | स्थानीय तह | सडकको लम्बाई (मि.कि) | |
| प्रदेश न. १ | १३७ | २ | ४० | ५४ | १,०७९ | १,११९ |

स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

४.६५ आर्थिक वर्ष २०७४/७५ मा प्रदेश सरकार गठन भए पश्चात आर्थिक वर्ष २०७८।७९ को चैत्र मसान्त सम्म २७ वटा मोटरेवल पुल र ८८ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भै सकेको छ ।यो अवधिमा प्रदेश सरकारबाट १४४७.९७ कि.मी. ग्राभेल सडक तथा ५५१६.३६ कि. मी. कच्ची सडक निर्माण हुनुका साथै २९९.०७ कि.मी. सडक कालोपत्रमा स्तरोन्नति भएको छ । प्रदेश सरकारबाट भएको सडक तथा पुल निर्माणको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.३३ : प्रदेश सरकारबाट भएका सडक तथा पुल निर्माणको अवस्था

| आ.व. | सडकनिर्माण सम्पन्न भएका (.मी.कि) | | | | | | मोटरेवल पुल निर्माण सम्पन्न (संख्या) | झोलुङ्गे पुल निर्माण सम्पन्न (संख्या) | ट्र्याक ओपन |
|---|---|---|---|---|---|---|---|---|---|
| | मर्मत | ग्रावेल | कच्ची | (RCC/PCC) | सोलिङ्ग | कालोपत्रे | | | |
| २०७४/७५ सम्मको | | ८१७.४१ | ४६३६.०५ | | | १४२.२७ | | | |
| २०७५/७६ | ६०१ | १२८.९ | १८१.३ | ०.५८५ | | २६.१८ | १० | ७ | ७.५ |
| २०७६/७७ | ६१.५४ | २११.३५१ | ४७७.८२ | ३.९५ | ४.१७७ | ५२.२१ | १२ | २९ | १४२.६ |
| २०७७/७८ | | ५६.४१२ | ६०.७६ | ०.५२ | | १८.८५९ | ८ | ४४ | ४६.२६ |
| चालु आ.व. २०७८/७९ | | ११५ | ११२ | | | ३७.८० | ७ | १५ | |

स्रोतः प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय

४.६६ प्रदेश नं. १ स्थित पूर्वपश्चिम राजमार्ग, मेची राजमार्ग, कोशी राजमार्ग, सगरमाथा राजमार्ग, हुलाकी लोकमार्ग, मध्य पहाडी लोकमार्ग गरी ६ वटा राजमार्गहरु रहेका छन् । जसको कुल लम्बाई १२०५.३१ कि.मी. रहेको छ ।यी राजमार्गहरुको कुल लम्बाई प्रदेश १ भित्र पर्ने अंश तथा आ.व. २०७७/७८ को फाल्गुन सम्ममा भएको कालोपत्रेको अवस्था तलको तालिकामा देखाइएको छ ।

तालिक ४.३४ : प्रदेश भित्रका राजमार्गहरु

| राजमार्ग | पूर्व पश्चिम राजमार्ग | मेची राजमार्ग | कोशी राजमार्ग | सगरमाथा राजमार्ग | हुलाकी राजमार्ग | मध्य पहाडी राजमार्ग |
|---|---|---|---|---|---|---|
| जम्मा लम्बाइ (कालोपत्रे) | १०२७.६७ | ३११.०६ | १११.४६ | १५७.९७ | ६४१.७ | ११९६ |
| प्रदेश नं. १ को अंश | १३४.९३ | ३११.०६ | १११.४६ | १४५.८६ | ७८ | ४२४ |
| अंशको प्रतिशत | १३.१३ | १०० | १०० | ९२.३३ | १२.१६ | ३५.४५ |

स्रोत: प्रदेश योजना आयोग, २०७६।७७

## हवाई यातायात तथा यातायातका अन्य माध्यमहरु

४.६७ प्रदेश नं. १ मा १५ वटा विमानस्थलहरु रहेका छन् जसमध्ये ९ वटा नियमित संचालनमा रहेका छन् । विराटनगर विमानस्थल र चन्द्रगढी विमानस्थल रात्रीकालिन अवतरण क्षमता भएका र मध्यम आकारका विमानहरु अवतरण गर्न सक्छन् भने अन्य विमानस्थलहरुमा साना विमानहरु मात्र अवतरण गर्न सक्छन् । सोलुखुम्बु तथा खोटाङ जिल्लामा क्रमशः ४ र ३ वटा विमानस्थल रहेका छन् ।

४.६८ सडक र हवाई यातायातको अतिरिक्त यस प्रदेशमा जलयात्रा तथा रेल परिवहनको समेत सम्भावना रहेको छ । हाल सुनसरी जिल्लाको चतरा देखि भोजपुर जिल्लाको सिम्लेसम्म

जलयात्रा सञ्चालनमा रहेको छ ।यद्यपि हाल पाइलटिङ्कै अवस्थामा रहेता पनि भविष्यमा कोशी नदिमा स्टिमर, मोटरबोट आदिको माध्यमबाट जलयात्रा गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

## ऊर्जा

४.६९ २०७८ फागुन मसान्तसम्म प्रदेश नं. १ मा ९६.९५ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ ।

तालिका ४.३५: राष्ट्रिय प्रशारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसंख्या (प्रतिशतमा)

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ७५.९ | ८६.३ | ८२.४३ | ९६.९५ |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७८

चार्ट ४.५ : राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसंख्या (प्रतिशतमा)




स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७८

४.७० २०७८ फागुन मसान्तसम्ममा प्रदेश नं. १ मा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक ३२७ मेगावाट क्षमताका आयोजनाहरु संचालनमा रहेका छन्।

तालिका ४.३६ : प्रदेश नं १ मा सञ्चालित आयोजनाको विद्युत उत्पादन क्षमता (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ फागुन सम्ममा |
|---|---|---|---|---|
| प्रदेश नं१ . | १३६.२ | २३७.५९ | २८० | ३२७ |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७८

चार्ट ४.६ : प्रदेश नं १ को विद्युत उत्पादन क्षमता (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)




४.७१ प्रदेश नं. १ का २०७८ फागुन मसान्तसम्ममा ४ जिल्लामा विद्युतीकरण भईसकेको छ । २०७९ असारसम्ममा थप १ जिल्ला समेत गरी आगामी आर्थिक वर्ष सम्ममा ९ जिल्लामा विद्युतीकरणको कार्य सम्पन्न हुनेछ।

तालिका ४.३७ : विद्युतीकरणको अवस्था

| प्रदेश | विद्युतीकरण भैसकेको | चालु आ.व. विद्युतीकरण हुने | आगामी आमा.व. विद्युतीकरण हुने |
|---|---|---|---|
| प्रदेश | ४ | १ | ९ |

स्रोत: नेपाल विद्युत प्राधिकरण, २०७८

४.७२ प्रदेश नं. १ अन्तरगत उर्जाका वैकल्पिक स्रोतहरु गोबर ग्याँस, सौर्य उर्जा, माइक्रो हाइड्रो, मट्टितेल, दाउरा आदि रहेका छन् । खाना पकाउन सबै भन्दा बढि ६३.९९ प्रतिशत काठ / दाउराको प्रयोग हुने गरेको छ भने बिजुलीको प्रयोग ०.१५ प्रतिशत मात्र हुने गरेको छ । यसैगरी उज्यालोको लागि ६५.८२ प्रतिशत बिजुलीको प्रयोग हुन्छ भने ८.७५ प्रतिशत सौर्य उर्जाको प्रयोग भएको पाइन्छ ।

तालिका ४.३८ : उर्जाका वैकल्पिक स्रोतहरु

| प्रयोजन | विवरण | बिजुली | काठ दाउरा | मट्टीतेल | एल.पि.ग्यास | गुइठा | गोबर ग्याँस | सौर्य उर्जा | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| खाना पकाउन | प्रदेश नं. १ | ०.१५ | ६७.०५ | ०.९ | १५.९२ | ११.८१ | ३.१ | - | ०.४२ |
| | नेपाल | ०.०८ | ६३.९९ | १.०३ | २१.०३ | १०.३८ | २.४३ | - | ०.६४ |
| उज्यालोको लागि | प्रदेश नं. १ | ६५.८२ | - | २१.७ | - | - | ०.४१ | ८.७५ | ०.४२ |
| | नेपाल | ६७.२६ | - | १८.२८ | - | - | ०.२८ | ७.४४ | ०.६४ |

स्रोतः प्रदेश योजना आयोग (प्रदेश पार्श्व चित्र)

## सार्वजनिक निजी साझेदारी

४.७३ प्रदेश सरकारले प्रदेश भित्र लगानी भित्र्याउन सार्वजनिक क्षेत्र निजी तथा सहकारी क्षेत्रहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरेको छ ।प्रदेश तहमा पूर्वाधारको विकास, कृषि उद्यम सम्बन्धी आयोजना/कार्यक्रमहरु तथा रोजगारी सृजना र गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुमा निजी तथा सहकारी क्षेत्रसँग साझेदारी गर्न विभिन्न नीतिगत तथा संरचनागत व्यवस्था गरिएको छ ।

४.७४ निजी लगानीमा सहजीकरण गर्न प्रदेश लगानी प्राधिकरण आ.व. ०७६/७७ मा स्थापना भै संचालनमा रहेको छ भने **सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६** तथा **नियमावली २०७७** तर्जुमा भै लागू भै सकेको छ । लगानी प्राधिकरणले हाल निजी लगानीमा संचालन गर्नेगरी केही परियोजनाहरुको सम्भाव्यता अध्ययन गरिरहेको छ । कृषि उद्यम सम्बन्धी परियोजनाहरु निजी क्षेत्रकै अगुवाईमा संचालन गर्न **सार्वजनिक निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली, २०७६** जारी गरी कार्यान्वयनमा ल्याईएको छ ।

## सूचना तथा संचार

४.७५ प्रदेश नं १ मा सूचना र सञ्चारका लागि सूचना प्रविधिको विकास तीव्र रुपमा भइरहेको छ । मोवाइल, इन्टरनेट सेवा, एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाईन मिडिया, सामाजिक सञ्जाल, हुलाक सेवा लगायत निजी क्षेत्रका सञ्चार माध्यामहरूको पर्याप्त विस्तार भएको छ।

४.७६ प्रदेश नं. १ मा १८८ हुलाक कार्यालयहरु रहेका छन् । यी हुलाक कार्यालयहरुको आफ्नै पिन कोड (हुलाक संकेत नम्बर) रहेका छन् । हुलाक कार्यालयहरु मध्ये सबै भन्दा धेरै मोरङ्ग र झापा जिल्लामा १८/१८ र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ९ रहेका छन् ।

४.७७ प्रदेश नं. १ मा जम्मा ६० वटा एफ.एम.रेडियो स्टेसनहरु संचालनमा रहेका छन् । यसका अतिरिक्त, सरकारी स्वामित्वमा रहेका राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्रका क्षेत्रीय तथा प्रादेशिक कार्यालयहरु संञ्चालित छन् ।

४.७८ प्रेस काउन्सिल नेपालमा दर्ता भै प्रदेश नं. १ अन्तरगत संचालनमा रहेका ९६ वटा दैनिक पत्रिका, ४ वटा अर्ध साप्ताहिक, ३३६ वटा साप्ताहिक र ४५ वटा पाक्षिक गरी जम्मा ४८१ वटा पत्रपत्रिकाहरु रहेका छन् ।

तालिका नं. ४.३९ प्रदेशमा संचालित रेडियो र टि.भि.को विवरण

| विवरण | २०७७/७८ को अन्तिम विवरण |
|---|---|
| प्रदेश भित्र दर्ता र सञ्चालन भएका १०० वाट भन्दा माथि १००० वाट सम्मका रेडियोको संख्या | ६० (सूचना तथा प्रसारण विभागगमा आ.व. २०७७/७८ सम्म दर्ता भई प्रदेशमा सञ्चालनमा रहेका) |
| प्रदेश भित्र दर्ता र संचालन भएका केबल टि.भि.को संख्या | ६ (सूचना तथा प्रसारण विभागमा आ.व. २०७७/७८ सम्म दर्ता भई यस प्रदेशमा हाल सम्म सञ्चालनमा रहेका) |

स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१

# ५. सामाजिक क्षेत्र

५.१ मानव विकासका लागि सामाजिक क्षेत्रमा सेवा विस्तार र सबै नागरिकको सेवामा पहुँच अत्यावश्यक हुन्छ । प्रदेश सरकार गठन भए देखि स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइमा लगानी बढाउदै गएको छ । सामाजिक क्षेत्रमा सरकारी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट उल्लेख्य सुधार हुँदै गएको छ ।

५.२ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमद्वारा प्रकाशित मानव विकास प्रतिवेदन, २०२० का अनुसार नेपालको मानव विकास सूचकांक ०.६०२ रहेको छ। मानव विकास सूचकांकका आधारमा नेपाल संसारका १८९ मुलुकहरू मध्ये १४२ औं स्थानमा रहेको छ जुन मध्यम मानव विकास समूहको औषत ०.६३१ र सार्क मुलुकको औषत ०.६४१ भन्दा कम रहेको छ। सन् १९९० मा नेपालको मानव विकास सूचकांक ०.३८७ रहेकोमा सन् २०१९ मा यस्तो सूचकांक ०.६०२ पुगेको छ ।सामाजिक क्षेत्रमा गरिएको लगानीको प्रतिफलस्वरूप नेपालको मानव विकासको अवस्थामा क्रमिक सुधार हुँदै गएको छ ।तथापि, आगामी दिनमा यस क्षेत्रमा गरिने लगानीलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ ।

५.३ स्वास्थ्य वीमाको दायरा विस्तार भएको छ । मातृ मुत्युदर र शिशु मृत्यूदर घट्दो क्रममा छ ।सीप विकास कार्यक्रमको माध्यमवाट महिलाको जीवनस्तरमा उल्लेख्य सुधार हुँदै गएको छ ।

## शिक्षा

५.४ प्रदेश नं. १ को साक्षरता दर ७१.२२ प्रतिशत रहेको छ , जसमा ७९.३ प्रतिशत पुरुष र ६४ प्रतिशत महिला साक्षर रहेका छन् । हालसम्म सोलुखम्वु वाहेक सवै जिल्ला पूर्ण साक्षर घोषणा भइसकेको छ ।प्रदेश सरकारले विश्वविद्यालय र प्राविधिक शिक्षामा लगानी गरेको छ ।

५.५ प्रदेश नं. १ मा पूर्वाञ्चल विश्वविद्यालय र मनमोहन प्राविधिक विश्वविद्यालय गरी दुई विश्वविद्यालय संचालनमा रहेका छन् साथै गुरुकुल ३७, गुम्बा २९ तथा मदरसा १७३ समेत गरी जम्मा धार्मिक शैक्षिक संस्थाको संख्या २३९ रहेको छ ।

तालिका ५.१ : प्रदेश भित्र संचालित विश्वविद्यालयहरु तथा आंगिक क्याम्पसको अवस्था

| विश्विद्यालयको नाम | क्याम्पस | | विद्यार्थी संख्या | |
|---|---|---|---|---|
| | प्रदेश नं१ . | नेपाल | प्रदेश नं१ . | नेपाल |
| त्रिभुवन विश्वविद्यालय | १६१ | १,१६१ | ३३,९०८ | २,८४,४५३ |
| नेपाल संस्कृत विश्वबिद्यालय | १ | १८ | ६२ | १,४७१ |

| विश्विद्यालयको नाम | क्याम्पस | | विद्यार्थी संख्या | |
|---|---|---|---|---|
| | प्रदेश नं१ . | नेपाल | प्रदेश नं१ . | नेपाल |
| काठमाडौं विश्वविद्यालय | १ | २१ | १,२३६ | १६,६५८ |
| पूर्वाञ्चल विश्वबिद्यालय | ३२ | १३१ | ४,६९६ | २३,५३९ |
| बि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | १ | १,४४८ | १,४४८ |
| | १९६ | १,४०७ | ४१,३५० | ३,६१,०७७ |

स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

५.६ प्रदेश नं. १ मा रहेका जिल्लाहरुमा पाँच वर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरताको स्थिति तुलना गर्दा सबैभन्दा बढी ईलाम जिल्लामा ७७.९१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ६४.२२ प्रतिशत छ ।

चार्ट ५.१ : प्रदेश नं. १ मा पाँच वर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरता स्थिति




स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

५.७ प्रदेश नं. १ मा रहेका जिल्लाहरुमा लेखपढ गर्न नसक्ने जनसंख्याको स्थिति तुलना गर्दा पुरुषको जनसंख्याका आधारमा सबैभन्दा बढी सोलुखुम्बुमा २३.२८ प्रतिशत र महिलाको जनसंख्याको आधारमा सबैभन्दा बढी ओखलढुङ्गामा ४१.२० प्रतिशत रहेको छ ।

५.८ प्रदेश नं. १ मा रहेका जिल्लाहरुमा लेखपढ गर्न नसक्ने जनसंख्याको स्थिति तुलना गर्दा पुरुष र महिला जनसंख्याका आधारमा सबैभन्दा कम ईलाम जिल्लामा क्रमश: १३.४ प्रतिशत २५.५ प्रतिशत रहेको छ ।

चार्ट ५.२ : प्रदेश नं. १ मा जिल्लागत लेखपढ गर्न नसक्ने जनसंख्याको विवरण (प्रतिशतमा)




स्रोत: प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

५.९ शैक्षिक सत्र २०७८ मा नेपालमा कुल ३४ हजार ३६८ विद्यालय रहेका छन् जसमध्ये आधारभूत तह (१-५) सञ्चालित विद्यालय ३४ हजार १३८, आधारभूत तह (६-८) सञ्चालित विद्यालय १७ हजार २२८ र आधारभूत तह (१-८) सञ्चालित विद्यालय ३४ हजार ३०६ रहेका छन्। यसैगरी, माध्यमिक तह (९-१०) सञ्चालित १० हजार ९०२ विद्यालय मध्ये ४ हजार ३१० विद्यालयमा कक्षा ११ र १२ सञ्चालन भएका छन् साथै माध्यमिक (९-१२) सञ्चालित विद्यालय १० हजार ९६२ रहेका छन्।

तालिका ५.२ : प्रदेश नं. १ का विभिन्न तहका विद्यालयको विवरण

| प्रदेश | जम्मा विद्यालय (एकाई) | सञ्चालित तह अनुसार विद्यालय विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आधारभूत (५-१) | आधारभूत (८-६) | आधारभूत (८-१) | माध्यमिक -९) (१० | माध्यमिक -११) (१२ | माध्यमिक (१२-९) |
| प्रदेश १ | ६७५९ | ६७३६ | ३३८१ | ६७५० | २०५७ | ७७८ | २०६६ |
| नेपाल | ३४३६८ | ३४१३८ | १७२२८ | ३४३०६ | १०९०२ | ४३१० | १०९६२ |

स्रोत: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

५.१० प्रदेशगत रुपमा सबैभन्दा बढी विद्यालय संख्या प्रदेश नं. १ मा रहेका छन् । अन्य प्रदेशको अनुपातमा प्रदेश नं. १ मा १९.७ प्रतिशत विद्यालयहरु रहेका छन्।

तालिका ५.३ : सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

| | विद्यालय विद्यार्थी अनुपात | | | | शिक्षक विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (५-१) | आधारभूत (८-६) | माध्यमिक (१०-९) | माध्यमिक (१२-११) | आधारभूत (५-१) | आधारभूत (८-६) | माध्यमिक (१०-९) | माध्यमिक (१२-११) |
| प्रदेश नं १ | ८२ | ८४ | ८८ | ४५८ | १९ | २७ | २१ | ६७ |
| नेपाल | १०४ | १०३ | ९९ | १६० | २१ | ३१ | २२ | ५७ |

स्रोत: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

५.११ शैक्षिक सत्र २०७८ मा सामुदायिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (कक्षा ११-१२) मा क्रमशः १०४, १०३, ९९ र १६० रहेको छ।त्यस्तै प्रदेश नं. १ मा क्रमशः ८२, ८४, ८८ र ४५८ रहेको छ।

५.१२ शैक्षिक सत्र २०७८ मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (कक्षा ११-१२) मा क्रमशः २१, ३१, २२ र ५७ रहेकोमा प्रदेश नं १ मा यस्तो अनुपात क्रमशः १९, २७, २१ र ६७ रहेको छ ।

५.१३ शैक्षिक सत्र २०७८ मा देशभरमा सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहत तर्फका समेत गरी शिक्षकको कुल संख्या १ लाख ५६ हजार १७६ रहेकोमा प्रदेश नं. १ मा ३० हजार ८५१ रहेका छन् । यो देशभरको संख्याको तुलनामा १९.७५ प्रतिशत हुन आउँछ ।

तालिका ५.४ : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण

| तह/प्रदेश | | प्रदेश नं १ | जम्मा |
|---|---|---|---|
| आधारभूत कक्षा (५-१) | स्थायी | १४१५३ | ६७८७१ |
| | अस्थायी | २३५१ | १२३०५ |
| | राहत | ३४२९ | २१८७१ |
| आधारभूत कक्षा (८-६) | स्थायी | ३३१० | १३८८१ |
| | अस्थायी | ५०० | २३४४ |
| | राहत | १७५७ | ९६०९ |
| माध्यमिक कक्षा (१०-९) | स्थायी | २५२८ | १३००७ |
| | अस्थायी | ३४८ | १७२७ |
| | राहत | १२९९ | ६७५८ |
| माध्यमिक कक्षा (११(१२- | स्थायी | ० | ० |
| | अस्थायी | २५५ | २००० |
| | राहत | ९२१ | ४८०४ |
| जम्मा | स्थायी | १९९९१ | ९४७५८ |
| | अस्थायी | ३४५४ | १८३७६ |
| | राहत | ७४०६ | ४३०४२ |
| | जम्मा | ३०८५१ | १५६१७६ |

स्रोत: शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

*(नोटः माध्यमिक तहको अस्थायी शिक्षक दरबन्दीमा प्राविधिक धार तर्फका प्रशिक्षकहरूको संख्या समेत गणना गरिएको छ। उल्लिखित संख्या नेपाल सरकारबाट तलब भत्ता उपलब्ध गराइएका शिक्षकहरूको मात्र हो।)*

